लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
Naya Bimarsha Weekly

वर्ष १७, अंक ३४, २०८० चैत ३० गते शुक्रबार (April 12, 2024) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रु. १०।- website: www.nayabimarsha.com

## सडकमा सूईहरुको बेमौसमी सरुवाको हल्ला

काठमाडौं/ भौतिक पूर्वाधार तथा यातयात सचिव केशवकुमार शर्माको सरुवापछि प्राविधिक सहसचिव (सुई) हरुको सरुवा हुने बेमौसमी चर्चा शुरु भएको छ। गत २०७९ फागुन ३ गते तात्कालिन भौतिक पूर्वाधार तथा यातायात मन्त्री नारायणकाजी श्रेष्ठले एकैपटक डेढ दर्जन बढी सुईहरुको सरुवा र पदस्थापन गरेका थिए।

त्यसपछि भौतिकमन्त्री बनेका नेकपा (एस) का सांसद प्रकाश ज्वालाले सुईहरुको सरुवा गरेनन्। बरु २०८० भाद्र २५ गते ठूलो संख्यामा सचिव शर्माको सिफारिस र मन्त्री ज्वालाका भक्तहरुले थैलीको हिसाबमा सिडिइहरुको सरुवा गरे। अहिले भौतिक पूर्वाधार तथा यातायात मन्त्री बनेका रघुवीर महासेठले ४० दिन बितिसक्दा पनि विकास निर्माणको गतीलाई खासै तीब्रता दिन नसकेको जानकारहरुले बताएका छन्। खासगरी नारायण-बुटवल र मुग्लिङ्ग-पोखरा सडकले यात्रुहरुलाई हैरान बनाएको छ। यी सबै सडकमा प्रर्याप्त बजेट भएर पनि चाइनिज ठेकेदारले (बाँकी ७ पृष्ठमा)

# सत्ता टिकाउन अनेक हर्कत

## संविधानको धज्जी उडाइँदै ■ कांग्रेस–एमाले सहमति नजिक

भक्तपुर/ प्रधानमन्त्री सहित रहेका नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालको गलत कदमका कारण मुलुक झनै दलदलमा फस्न थालेको छ। आफ्नो प्रधानमन्त्रीको कुर्ची टिकाउने नाममा दाहालले ढल्पले नीति लिंदा मुलुक सही गति लिनबाट वंचित हुन थालेको अवस्था भनी टिप्पणी हुन थालेको छ। गत फागुन २१ गते उनले तात्कालिन सत्ता समीकरणमा फेर बदल गर्ने नीति लिएका थिए। उनको उक्त कदमका कारण प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसलाई सत्तासमीकरणबाट बाहिर पुऱ्याइएको थियो। यसैगरी प्रमुख प्रतिपक्षी दलको हैसियतमा बसिरहेको नेकपा (एमाले) लाई सत्ता समीकरणमा सामेल गरिएको थियो।



यसरी सरकारमा फेरबदल ल्याएका प्रधानमन्त्रीले पछिल्लो समय मुलुकका लागि केही गर्न नसकेको आरोप लाग्न थालेको छ। यसैगरी उनको गलत कदम तथा सोचका कारण मुलुकको राजनीति लज्जित अवस्थामा पुगेको चर्चा चल्न थालेको छ। उनले आफ्नो सत्ता टिकाउनका लागि अनेक किसिमका हर्कत गर्न थालेको बताइएको छ। संघीय सरकारमा परिवर्तन हुनासाथ प्रदेश सरकारमा समेत परिवर्तन गर्नै पर्ने मान्यताका साथ हालको सत्ता गठबन्धन हिंड्दा मुलुक न्यायिक समस्यामा समेत जकडिन पुगेको अवस्था देखिन थालेको बताइन्छ।

खासगरी गण्डकी प्रदेश, कोशी प्रदेश र सुदूरपश्चिम प्रदेशमा केन्द्रको बाछिटा पर्न गएको अवस्था छ। गण्डकी प्रदेशमा सरकार बनाउन संख्यात्मक रुपमा असम्भव अवस्थामा पुगेको सत्तारुढ दलहरुले लाजमर्दो हर्कत गर्न पुगेका छन्। त्यस प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आफ्नो पक्षमा स्पष्ट रुपमा बहुमत जुटाउन नसक्ने अवस्थालाई अन्दाज गरेर पदबाट राजीनामा दिएका थिए। उनले राजीनामा गरेपछिको अवस्थामा प्रदेश प्रमुखले दुई वा दुईभन्दा बढी दलको सहभागितामा सरकार गठन गर्नका लागि आव्हान सात दिनको म्याद सहित गरेका थिए।

यस्तो अवस्थामा सो प्रदेशमा राष्ट्रिय प्रजातन्त्र पार्टी निर्णायक अवस्थामा रहेको थियो। राष्ट्रिय प्रजातन्त्र पार्टीले जसलाई सहयोग गऱ्यो उसैले सरकार बनाउन सक्ने अवस्था थियो। सो प्रदेशमा निर्वाचित भएर आएका सांसदहरुको संरचनाका कारण समस्यामा अंकगणित थियो।

यसरी संख्यात्मक रुपमा कुनै पनि दलले सरकार गठनको लागि दाबी प्रस्तुत गर्न नसक्दा स्वतः सबैभन्दा ठूलो दलको रुपमा रहेको दलले सरकार गठन गर्न पाउनुपर्ने कानूनी व्यवस्था छ। यस्तो स्थिति हुँदा उक्त प्रदेशमा आवश्यक बहुमत ३१ सांसद पुऱ्याउन नसके पनि सबैभन्दा बढी संख्या २७ भएको कांग्रेसले सरकार बनाउन पाउने अवस्था हुन्थ्यो। त्यसरी सरकार बनाएको अवस्थामा पनि ३० दिन भित्र उक्त दलले कि त बहुमत पुऱ्याई विश्वासको मत लिनुपर्ने हुन्थ्यो।

कांग्रेसले रा.प्र.पा.सहितको समर्थनमा विश्वासको मत लिने भयले सत्ता पक्षले खुराफाती कर्म गरी सभामुखलाई समेत विवादमा पारी सरकार गठनको दाबी लिएका छन्। कोशी प्रदेशमा यसअघि सभामुखलाई सत्ताको खेलमा राखिएको भनी विवाद उत्पन्न हुँदा सर्वोच्च अदालतले स्पष्ट रुपमा त्यस्तो गर्न नपाइने भनी नजिरको रुपमा फैसला गरेको थियो। यस्तो अवस्थाको जानकारी पाएको अवस्थामा नेकपा (माओवादी (बाँकी ७ पृष्ठमा)

## ढुंगाना, अधिकारी र कंसाकारले जहाज डुबाए

काठमाडौं/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाइडबडी जहाज खरिद भ्रष्टाचारमा झण्डै आधा दशकपछि ३२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। नागरिक उड्डयन प्राधिकरणमा अर्बौं भ्रष्टाचार गर्ने महानिर्देशक प्रदीप अधिकारीलाई भने अझै छुन नसकेको भनी चर्चा छ।



महानिर्देशक अधिकारीले गौतम बुद्ध विमानस्थल भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा अर्बौं रकम भ्रष्टाचार गरेको उजुरी आयोगमा परे पनि छानविनमा तत्परता देखाएको छैन। शक्तिकेन्द्रलाई घुसको रकम बुझाएर प्राधिकरणमा रत्यौली खेल्दै आएका अधिकारीले फेरि बबरमहलमा रहेको पुरानो भवन भत्काएर आठ अर्ब रुपियाँमा व्यापारिक कम्प्लेक्स बनाउन लागेको चर्चा चलेको छ।

यसबाट पनि महानिर्देशक अधिकारी मोटाउने भएका छन् भने बाइडबडी जहाजलाई खरानी पार्न तम्सेका तात्कालिन पर्यटनमन्त्री जीवनबहादुर शाही, वायुसेवा निगम सञ्चालक समितिका अध्यक्ष एवं तात्कालीन पर्यटन (बाँकी ७ पृष्ठमा)

## गण्डकीका मुख्यमन्त्रीविरुद्ध सर्वोच्चमा रिट



काठमाडौं/ गण्डकी प्रदेशका नवनियुक्त मुख्यमन्त्री खगराज अधिकारीविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ।

निवर्तमान मुख्यमन्त्री एवं नेपाली कांग्रेस गण्डकी प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेको तर्फबाट वारेसमार्फत सम्झना के.सी.ले रिट दायर गरेकी हुन्। गण्डकीमा पनि कोशी प्रकरण दोहोरिएको छ। गण्डकी प्रदेशका मुख्यमन्त्री अधिकारीले सभामुखको समेत मत जोडेर बहुमत पुऱ्याएपछि नियुक्ति बदर गर्न माग गरिएको छ।

गण्डकीमा कूल ६० जना प्रदेश सांसद छन्। बहुमतका लागि ३१ जना सांसद चाहिन्छ। नवनियुक्त मुख्यमन्त्री अधिकारीले ३० जना र सभामुख कृष्णप्रसाद धितालको समेत गरी ३१ जना पुऱ्याएका हुन्।

उता, काँग्रेस नेतृ आरजु राणालाई मोटो रकम बुझाएर ऊर्जा, जलश्रोत तथा सिचाई मन्त्री बनेकी सरस्वती अर्याल तिवारी मन्त्री पद खुस्केपछि तनावमा परेको स्याङ्जा वालिङका रैथानेहरुले बताएका छन्। (बाँकी ७ पृष्ठमा)

## कांग्रेसपथ मै राप्रपा, जनमोर्चा र नेकपा एस

काठमाडौं/ गत २०८० फागुन २२ गतेबाट शुरु भएको हिउँदे अधिवेशनमा एक महिना बितिसक्दा पनि तीनवटा विधेयक बाहेक पारित हुन सकेका छैनन्। संसद दलीय स्वार्थका कारण गतिहीन बन्न पुगेको छ।

खासगरी सहकारी प्रकरणमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने मुछिएपछि काँग्रेसले संसदीय छानविन समिति गठनको माग गर्दै संसद्को काम कारबाही ठप्प पार्दै आइरहेको छ। पोखराको सूर्यदर्शन सहकारीमा एक करोड ८० लाख रुपियाँ अपचलन गरेको विषयले लामिछानेलाई 'नखाउँ भने दिनभरीको शिकार खाउँ भने कान्छो बाबुको अनुहार' भनेझैं गृहमन्त्री पद भएको छ।



ल म निर्दोष छु भनेर तामातुलसी लिएर भाक्ने हिम्मत देखाउन सकेका छैनन्। विगतमा तात्कालिन अर्थमन्त्री डा. रामशरण महतलाई पनि यस्तै आरोप लाग्दा अर्थमन्त्रीबाट राजीनामा गरेर संसदीय छानविन समिति गठन गर्ने नैतिकता देखाएका थिए। अहिले लामिछानेलाई चोखो देखाएर राजीनामा नगर्न प्रधानमन्त्री पुष्पकमल दाहाल, नेकपा (एमाले) का अध्यक्ष खड्गप्रसाद शर्मा ओली र रास्वपाकै उपसभापति एवं 'एमसीसीका अमेरिकन दलाल' भनिने स्वर्णिम वाग्लेले काँध थापेको जानकारुले बताएका छन्। वाग्ले काँग्रेसमा रहँदा डकारेर रास्वपामा (बाँकी ७ पृष्ठमा)

मंगलमय शुभकामना

नयाँ वर्ष २०८१ को अवसरमा सम्पूर्ण ग्राहकवर्ग, विज्ञापनदाता, शुभचिन्तकका साथै देश विदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

लोकतन्त्रप्रति पूर्ण समर्पित साप्ताहिक नयाँ विमर्श Naya Bimarsha Weekly
परिवार

## को को बने उम्मेदवार ?

भक्तपुर/इलाम-२ मा हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन गरिएको छ।मुख्य निर्वाचन अधिकृतको कार्यालय इलामले मनोनयन दर्ता गरेका २० जनामध्ये स्वतन्त्र उम्मेदवार केशवकुमार चापागाईले मनोनयन फिर्ता गरेपछि बाँकी रहेका १९ जनाको अन्तिम नामावली प्रकाशन गरेको जनाएको छ।

नेपाली कांग्रेसका डम्बरबहादुर खड्का, नेकपा (एमाले) का सुहाङ नेम्वाङ, रास्वपाका मिलनकुमार योङहाङ लिम्बु तथा पहिचान पक्षधरका साझा तर स्वतन्त्र उम्मेदवार डकेन्द्रसिं लिम्बु (थेगिम) को उम्मेदवारी कायम भएको छ। यसैगरी नेकपा (एकीकृत समाजवादी) का जितबहादुर राई, राप्रपाका लक्ष्मी गुरुङ, राप्रपा नेपालका गणेशबहादुर चौहान, जनमत पार्टीका प्रेमकुमार थाम्सुहाङको नाम पनि उम्मेदवारको सूचीमा सार्वजनिक गरिएको छ। यस्तै, मंगोल नेशनल अर्गनाइजेसनका मनिबहादुर लिम्बु, नेशनल रिपब्लिक नेपाल पार्टीका धनराज राना मगर, नेपाल मजदुर किसान पार्टीका श्यामकुमार दर्जी, नेपाली जनता दलका रेशमबहादुर सुनार, राष्ट्रिय मुक्ति आन्दोलन नेपाल पार्टीका जसवन्त विक्रम (बाँकी ७ पृष्ठमा)

## सरकारमाथि श्रममन्त्रीलाई नै छैन विश्वास

प्रसङ्गवश
अनुषा थापा



वर्तमान श्रममन्त्री डी.पी. अर्यालले हालै मात्र राजधानीमा भएको एउटा कार्यक्रममा आफ्नो सहकारीमा डुबेको पैसा उठाइदिनेलाई एक-दुई लाख रुपियाँ उपहार दिने बताए। उनले भने,'मेरो सहकारीमा २३ लाख डुबेको छ। उठाइदिने सांसद र लेख्ने मिडियालाई एक-दुई लाख रुपियाँ दिन्छु।'

मन्त्री भनेको सरकार हो। समग्र जनताको अभिभावक हुन्, मन्त्री। ऐनकानून बनाउने र कार्यान्वयन गर्ने जिम्मेवारी मन्त्रीलाई हुन्छ। हाल देशको गृहमन्त्री रवि लामिछाने अर्यालकै पार्टी 'राष्ट्रिय स्वतन्त्र पार्टी' का सभापति हुन्। आफ्नै पार्टीको गृहमन्त्री हुँदासमेत उनलाई आफ्नो पैसा उठ्नेमा निर्धक्क रहेनछ भन्ने यहाँबाट पुष्टी हुन्छ।

देशमा कानून छ। गलत गर्नेलाई कारबाही गर्न यहाँ थुप्रै निकाय छन्। उनी आफैं मुलुकको संविधानअनुसार बनेको मन्त्री। मन्त्रीले नै आफ्नो पैसा उठाउन उपहार दिने घोषणा गरेपछि जनताचाहिँ न्यायका लागि कहाँ जाने ?यदि, सहकारीले साँच्चै नै उनको पैसा खाइदिएको हो भने उनी कानूनअनुसार अघि बढ्नुपर्ने हो।

अदालत, गृह मन्त्रालय, प्रहरी प्रशासन, भूमि, व्यवस्था तथा सहकारी मन्त्रालय, सहकारी विभागलगायत थुप्रै निकाय गुनासो सुन्न र समाधान गर्न बसेका छन्। यस्तोमा मन्त्रीले पैसा उठाई दिनेलाई केही आर्थिक दिन्छु भन्ने कानून र राज्यका निकायलाई चुनौती दिनु होइन ? मन्त्रीको भनाइले त उनलाई नै देशको कानूनमाथि विश्वास रहेनछ भन्ने त यहाँबाट स्पष्ट हुन्छ। उनले आजसम्म आफू पीडित भएको भनी कुन निकायमा उजुरी दिए ? एउटा सार्वजनिक कार्यक्रममा यस्तो गैरजिम्मेवारपूर्ण अभिव्यक्ति दिन मन्त्रीलाई सुहाउँछ ? पछिल्लो समय मुलुकभरका सहकारीमा संकट देखिएको छ।

सहकारीका कारण करोडौं बचतकर्ताको बिल्लीबाठ भएको छ। उनीहरु त कानूनी माध्यमबाट अगाडि बढेका छन्। स्थानीय तह, प्रहरी प्रशासन, सहकारी विभागमा उजुरी दिएका छन्। जनताचाहिँ कानूनी माध्यमबाट जाने, अनि मन्त्रीचाहिँ मेरो पैसा उठाई दिनेलाई उपहार दिन्छु भन्ने ?

यसले त कानून लाग्ने र मान्ने जनता मात्रै रहेछन् भन्ने प्रमाणित भएको छ। बहालवाला मन्त्रीलाई त सहकारीमा डुबेको पैसा उठ्दैन र सहकारी सञ्चालकलाई कारबाही हुँदैन भन्ने विश्वास रहेछ भने करोडौं बचतकर्ताले कुन आधारमा सरकारलाई विश्वास गर्ने (बाँकी ७ पृष्ठमा)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

सडक निर्माण गर्दा ठूलो धनराशी खर्च हुने भएकाले निर्माण सम्पन्न भइसकेको सडक संरचनामा प्रतिकुल असर पर्ने गरी देहायका कुनै पनि क्रियाकलाप नगरिदिनु हुन अनुरोध छ।

- सडकको मापदण्ड विपरित स्थायी संरचना घर टहरा आदि निर्माण नगरौं।
- सडक किनारमा निर्माण सामग्री नथुपारौं। सडक छेउको नालीमा फोहोर मैला नफालौं।
- सडकमा पानी, ढल आदिको निकास बन्द गरौं। सडक किनारमा निजी/व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं।
- सडक अतिक्रमण रोक्नु हरेक नगरिकको दायित्व हो। तसर्थ सडक अतिक्रमण नगरौं।

डिभिजन प्रमुख
सडक डिभिजन नेपालगञ्ज, बाँके

# लोकतन्त्रका मानक राष्ट्र कहाँ छन्, नेपाल कहाँ छ ?

**खिमलाल देवकोटा**

सन् १९४७, जतिवेला भारत स्वतन्त्र हुँदैथियो, नेपालमा राणाशासन अन्त्यको आन्दोलनको सुरसार हुँदैथियो। उता चीनमा जनवादी गणतन्त्रको जग बसाल्ने सुरसार मात्रै हुँदैथियो। बेलायती प्रधानमन्त्री विन्स्टन चर्चिलले ऐलान गरिदिए कि यो पापी दुनियाँमा धेरै प्रकारका सरकारहरूको अभ्यास र परीक्षण भयो तर कसैले पनि यो दाबी गर्न सक्दैन कि लोकतन्त्र विवेकी र उत्कृष्ट व्यवस्था भएका कारणले यसलाई अपनाइएको हो। योभन्दा असल व्यवस्था नभएका कारणले यसलाई अनुसरण गर्नु परेको हो।

चर्चिलले यस्तो ऐलान गरेको आज ७७ वर्ष पुग्यो। तर त्यही खराब भनिएको व्यवस्था आजको दुनियाँमा लोकतन्त्रको निम्ति असल मानक बनेको छ। त्यही खराब व्यवस्थाको पनि परिपालना भएन भन्ने दुनियाँको चिन्ता छ। त्यसै चिन्ताका वरिपरि भौँतारिएको नेपाली लोकतन्त्रका बारेमा चर्चा गर्ने प्रयत्न यस लेखमा गरिएको छ।

नेपालको लोकतन्त्रको चर्चा गर्नुभन्दा अघि विश्व लोकतन्त्रको चर्चा गरौं। विश्व लोकतन्त्रको मानक बनाइएको मुलुक अमेरिका जहाँ लोकतन्त्रको ६०औं चुनावको सरगर्मी चलेको छ। चुनावका मुख्य हस्तीका रूपमा अघिल्लो निर्वाचनमा दोस्रो जित हासिल गर्न नसकेका डोनाल्ड ट्रम्प मैदानमा छन्। उनका प्रतिस्पर्धीका रूपमा अघिल्लो चुनावमा उनै ट्रम्पलाई हराएका जो बाइडेन पुनः मैदानमा उत्रिने भएका छन्।

सबैलाई भलिभाँती जानकारी नै छ कि सन् २०२० को निर्वाचनमा धाँधली भयो भन्ने आरोप लगाउने ट्रम्प यस पटकका पनि सम्भावित उम्मेदवार हुन्। आगामी चुनावमा पनि परिणाम आफ्नो पक्षमा नपरेमा निर्वाचन प्रक्रिया बिथोल्ने, निर्वाचन परिणाम अस्वीकार गर्ने र सोका निम्ति जुनसुकै हर्कत गर्न पनि पछि नपर्ने निर्वाचन सुरक्षा विज्ञहरूले चेतावनी दिएका छन्।

यति मात्र हैन, सन् २०२० कै चुनावमा विदेशी हस्तक्षेप त्यसमा पनि रूसी हस्तक्षेपको आरोप लागेको थियो। सो सम्भावना आगामी निर्वाचनमा झन् बढेर जानेछ। वैदेशिक हस्तक्षेपको सम्भावना काफी मात्रामा छ भन्ने संकेतहरू देखिन थालेका छन्। एकातिर अमेरिकाको घरेलु राजनीति गहिरो संकटबाटै गुज्रिएको छ भने अर्कोतिर अनियन्त्रित सामाजिक सञ्जाल प्रयोगको दुरुपयोग, त्यसमाथि प्रतिबन्ध लगाउन गरिने तमाम प्रयत्नहरू झगडाको बीउहरू रहने छन्।

सबैभन्दा खतरनाक सम्भावना त आर्टिफिसियल इन्टेलिजेन्टको उदयको छ जसको प्रयोग र दुरुपयोगको प्रतिस्पर्धामा चुनावी परिणाम भर गर्नेछ। अप्रिल फुलकै दिन पारेर न्युयोर्क टाइम्सले केही समाचार छाप्यो। उसले दाबी गऱ्यो कि चिनियाँ र रूसीहरूले अमेरिकाको निर्वाचनका विरुद्ध षड्यन्त्र गर्दैछन्, सामाजिक सञ्जालहरूमा ट्रम्प समर्थक थुप्रै नक्कली खाताहरू खोलेर भ्रमपूर्ण सूचनाहरू सम्प्रेषण गर्दैछन्। यतिसम्म भ्रमपूर्ण सूचना कि चुनाव अघि नै नोभेम्बरमा नै राष्ट्रपति वाइडेनमाथि आक्रमण हुनेछ, युक्रेन युद्ध भड्काउने बारेमा कुराहरू भएका छन् र नाटोबाट फिर्ता हुने डोनाल्ड ट्रम्पको योजना सार्वजनिक हुनेछ लगायत।

यस्ता समाचारहरूले अमेरिकी आन्तरिक राजनीति र सुरक्षाको आकलन गर्न सकिन्छ। गर्भपतन, आप्रवासी समस्या, अमेरिकी अर्थतन्त्र जस्ता राजनैतिक मुद्दाहरू अब ओझेल पर्नेछन् भन्ने पूर्वानुमान हुँदैछ। अब राजनैतिक एजेन्डामा चुनाव हुन कठिन छ। धाँधली, बल प्रयोग, कब्जा, षड्यन्त्र र विपक्षीको शारीरिक वा चारित्रिक हत्या अब बलशाली साधन बन्न थालेका छन्।

अमेरिकाको आमने-सामनेमा युद्ध मैदानमा रहेको अर्को मुलुक हो रसियन फेडेरेशन जहाँ विगत वर्षदेखि नै भ्लादिमिर पुटिन राष्ट्रपतिका रूपमा छन्। त्यो मुलुकमा पनि भर्खरै मार्च १५ देखि १७ सम्म निर्वाचन सम्पन्न भयो। यो आठौं राष्ट्रपतीय निर्वाचन थियो। पाँचौं कार्यकालका लागि लडेको निर्वाचनमा कुल खसेको मतको ८८ प्रतिशत मत पुटिनले प्राप्त गरे। उनका प्रतिद्वन्द्वीले भने जम्मा ४ प्रतिशत मात्रै मत प्राप्त गरे। आगामी मे महिनाको ७ तारिखमा उनले पाँचौं कार्यकालका लागि राष्ट्रपतिका रूपमा पदभार पुनः ग्रहण गर्नेछन्।

निर्वाचनका लागि युद्ध विरोधी मञ्चका नेताको रूपमा पूर्व सांसद वोरिस, रूसी कम्युनिस्ट पार्टीका नेता निकोले खारिटोनोभ, लिबरल डेमोक्रेटिक पार्टीका लियोनिद, न्यु पिपुल्स पार्टीका भ्लादिस्लाव समेतले उम्मेदवारी घोषणा गरेर चुनावी मैदानमा उत्रिएका थिए। तर निर्वाचन आयोगले तिनको उम्मेदवारी विभिन्न कारण देखाउँदै रोकेको थियो।

प्रमुख प्रतिद्वन्द्वीका रूपमा देखिएका एलेक्सेई निर्वाचनको दौरानमा पक्राउ गरी जेलमा राखियो र पछि उनको जेलमा नै मृत्यु भयो। अन्य निर्वाचनमा खडा भएका उम्मेदवारहरूको मनोनयनपत्रमा समर्थक र प्रस्तावकहरूको वैधतामाथि प्रश्न उठाउँदै उनीहरूको उम्मेदवारी खारेज गर्ने काम निर्वाचन आयोगले गरेको थियो।

अन्ततः निर्वाचनमा खडा भएका चार मध्ये एकको उम्मेदवारी खारेज, एक निर्वाचनका बखत पक्राउ गरी जेल चलान गरेकोमा जेलमा नै मृत्यु, बाँकी रहेका दुईमध्ये एक निकोलाई खारिटोनोभ कम्युनिस्ट नेताले ३७ लाख ६८ हजार ४७० मत अर्थात् ४.३७ प्रतिशतका विरुद्ध भ्लादिमिर पुटिनले ७ करोड ६२ लाख ७७ हजार ७०८ अर्थात् ८८.४८ प्रतिशत मत प्राप्त गरी विजयी घोषणा गरिएको अवस्था छ। यो निर्वाचनका बारेमा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको टिप्पणी निकै कडा छ।

अर्को शक्तिशाली मुलुक भारत जहाँ निर्वाचनको माहौल जारी छ। लामो समयदेखि नै नरेन्द्र मोदी प्रधानमन्त्रीका रूपमा छन्। यतिबेला उनी चौधौं प्रधानमन्त्रीका रूपमा कार्यभार सम्हाल्दै छन्। अबको निर्वाचनवाट उनी पन्ध्रौं प्रधानमन्त्रीका रूपमा भारतको नेतृत्व गर्ने करिब करिब निश्चितै छ। निर्वाचित अधिनायकवादीका रूपमा उदाएका मोदी विपक्षीप्रतिको असहिष्णु व्यवहारका कारण आलोचित बन्दै आएका छन्।

जतिसुकै आलोचित भए पनि सामाजिक सञ्जालमाथिको कब्जा, सञ्चारमाध्यम उपरको एकाधिकार र विपक्षीमाथिको कारबाहीको डण्डा उनका चुनाव जित्ने हतियार बनेका छन्। सन् २०२३ को अन्त्यसम्ममा एकै अधिवेशनमा १४६ सांसदहरू निलम्बन भए। निलम्बनको कारण सरकारको विरोध गरेर सुरक्षा र व्यवस्थामा खतरा पुऱ्याउन खोजेको भन्ने थियो।

झन्डै विश्वको आधा जनसंख्या निर्वाचित अधिनायकवादको यात्रामा लिप्त छ। संसारमा यतिवेला दक्षिणपन्थ हावी छ। त्यसै सेरोफेरोमा नेपाल छ। नेपाल जस्ता मुलुकहरूले लोकतन्त्रको मानक बनाउने मुलुक तिनै हुन्, अरू छैनन्।

त्यसो त राजिव गान्धी प्रधानमन्त्री भएका बखत सन् १९८९ मा ६३ सांसदहरू निलम्बनमा परेको अवस्था भने थियो। निर्वाचनकै दौरानमा मोदीलाई टक्कर दिनसक्ने ठानिएका आम आदमी पार्टीका नेता तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल अहिले जेलमा छन्। सन् १९५० मा जन्मिएका सन् २००० मा गुजरातको मुख्य मन्त्री हुँदा गुजरात काण्डमा दोषी ठहर भई अमेरिका लगायतका मुलुकहरूले भिसा अस्वीकार गरेका उनै नरेन्द्र मोदी २०१४ मा प्रधानमन्त्री भएदेखि निरन्तर सत्तामा र निरन्तर प्रधानमन्त्रीका रूपमा छन्। यसपछिको निर्वाचनमा पनि विजयी भई एकल बहुमतको प्रधानमन्त्री हुने पक्का जस्तै छ।

मोदीको लगातार जित तर, यो जनादेशलाई लोकतन्त्रको मृत्यु र तानाशाहीको विजयका रूपमा अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले उद्धृत गर्ने गरेका छन्। अमेरिका वेस फ्रिडम हाउस रिपोर्ट २०२४ ले भारतलाई अर्ध स्वतन्त्रता भएको देशका रूपमा उल्लेख गर्दै एक खराब अधिनायकवादी मुलुकको मार्गमा उद्यत रहेको बताएको छ। स्विडेन आधारित एक संस्थाले सन् २०१८ मा नै निर्वाचित निरंकुश शासकका रूपमा चित्रित गरेको थियो। इकोनोमिक इन्टेलिजेन्ट युनिटले आफ्नो लोकतन्त्रको सूचकांकमा २०२२ मा नै भारतलाई फल्टी लोकतन्त्रका रूपमा चित्रित गरेको थियो।

निर्वाचित अधिनायकवादीहरूका बीचमा नेपाल छ। उत्तर छिमेकी चीन कम्युनिस्ट मुलुक भइकन पनि मिति नबिराइकन पाँच वर्षमा पार्टीको महाधिवेशन हुने र हरेक पाँच वर्षमा हुने महाधिवेशनमा एकतिहाइ सदस्य बिदा हुने अर्को एक तिहाइ सदस्य नयाँ आउने र हरेकको कार्यकाल अधिकतम दुई कार्यकाल मात्रै हुने कुराले सबैका लागि अवसर भन्ने स्थापित गरेको थियो तर सी जिङ पिङको उदयपछि उनको हकमा यो अवधि लागू नहुने भएको छ।

झन्डै विश्वको आधा जनसंख्या निर्वाचित अधिनायकवादको यात्रामा लिप्त छ। संसारमा यतिवेला दक्षिणपन्थ हावी छ। त्यसै सेरोफेरोमा नेपाल छ। नेपाल जस्ता मुलुकहरूले लोकतन्त्रको मानक बनाउने मुलुक तिनै हुन्, अरू छैनन्। भारतलाई सबैभन्दा ठूलो लोकतन्त्र, अमेरिकालाई प्रतिस्पर्धी लोकतन्त्र, चीन र रूसलाई आधुनिक लोकतन्त्रको क्याटेगोरीमा राख्न नेपाल बाध्य छ।

उपरोक्त पृष्ठभूमिमा नेपालको लोकतन्त्रका बारेमा चर्चा गर्नु पर्दा हामीलाई दुःख लाग्छ। तर त्यो स्तरको स्खलन नेपालमा आएको छैन भन्न करै लाग्छ। तैपनि हामी नेपालको लोकतन्त्रका बारेमा वाक्क भएका छौं। नेपालको निर्वाचन प्राणाली महँगो भयो, यसलाई बदल्नुपर्छ भन्ने आवाज उठाइरहेका छौं। नेपालको राजनीतिका हजार कमजोरी होलान् तर तिनीहरू आदर्श मानिएका मुलुकका तुलनामा कमै छन् कि भन्नुपर्ने अवस्थामा हामी छौं।

मुलुक बनेन किन बनेन, बन्छ कि बन्दैन, बन्दैन भन्ने निष्कर्षका आधारमा युवा जमात आदर्श मानेका मुलुकको यात्राका लागि मृत्युमार्ग रोज्न पनि तयार छन्। युवाहरूले स्वर्ग ठानेका मुलुकहरूको यो हालतको व्याख्यान पुगेको छैन। त्यो हदसम्मको हर्कत नेपालमा भएको छैन।

कमसेकम निर्वाचनमा हारेपछि हारेकालाई जिताइदिन न्यायाधीश नियुक्त गर्ने र ती आफैंले नियुक्त गरेका न्यायाधीशले पनि जिताउन नसकेपछि निर्वाचन घोषणा गर्नुभन्दा अघि सभामुखलाई आक्रमण गरेर ज्यान लिन सकियो भने निर्वाचन परिणाम घोषणा हुन सक्दैन र नयाँ राष्ट्रपतिको निर्वाचन भए पनि निर्वाचन परिणाम घोषणा नभएका कारणले आफ्नो राष्ट्रपतीय पदको निरन्तरता हुने आशाले जे पनि गर्ने काम नेपालमा भएको छैन र हुँदैन सायद। निर्वाचित राष्ट्रपतिलाई सुरक्षा ब्रिफिङ नगर्न र गर्न लागेमा हस्तक्षेप गर्नेसम्मका काम पनि नेपालमा भएको छैन र हुँदैन सायद। यो तथ्य आज भोलि अमेरिका जान ठिक्क परेका युवाहरूका लागि झुटा लाग्ला तर यो दिनको घाम झैं छर्लङ्ग भएको सत्य हो भन्ने कुरा बताइदिनुपर्छ।

अब यसो हो भने आफ्नै मानक तयार गरेर लोकतन्त्रको विकास र अभ्यास गर्ने र राष्ट्र निर्माणमा जुट्ने विकल्प बाँकी छ। यसै विकल्पका लागि जनमत तयार गरौं। विश्वका समृद्ध भनिएका र आदर्श मानिएका मुलुकहरू पनि दुर्दशाले घेरिएका छन्। त्यो दुर्दशाको आगोमा पिल्सिनुभन्दा आफ्नै मुलुकमा पसिना बगाउन बेस भन्ने भाष्यको विकास गर्ने कि ?

# धरानमा स्ट्याण्डर्ड चाटर्ड बैंकको नयाँ शाखा उद्घाटन

काठमाडौं। स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले मुकुम्लुङ कम्प्लेक्स रमाइलो चोकमा मा नयाँ शाखा उद्धाटन गरेको छ। धरानमा रहेको उक्त शाखा आईतबार उद्धाटन भएको हो। उक्त शाखाको उद्धाटन नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयका निर्देशक इन्द्र चाम्लागाई मैनाली,भेट्रान सर्भिसेस ब्रिटीस गोर्खा नोपलका रिटायर्ड मेजर मान बहादुर गुरुङ र स्ट्याण्डर्ड चाटर्ड बैंकको डीसीईओ गोरख रानाले संयुक्त रुपमा गरेका हुन्।



यो नयाँ शाखाले परिष्कृत व्यक्तिगत र ग्राहक केन्द्रित अनुभवहरूको साथ बैंकिङको अन्तरक्रियात्मक रूपहरु अफर गरेको बैंकले जनाएको छ। शाखा कार्यालयमा पर्याप्त पार्किङ र एटीएम सुविधा रहेको बैंकले जनाएको छ।

यस्तै बैठक कोठा र प्रतीक्षा लाउन्ज सहित प्राथमिकता बैंकिंग ग्राहकहरु को लागी पनि व्यवस्था गरिएको छ। यो शाखा कार्यालय स्ट्यान्डर्ड चार्टर्ड बैंकको विश्वव्यापी मापदण्ड अनुसार नयाँ डिजाइनहरू गरिएको र यसले कर्मचारीहरुलाई नयाँ तरिकाले काम गर्न प्रेरित गर्ने बैंकले जनाएको छ।

# नेपाल एसबिआई बैंकका ग्राहकलाई छुट

काठमाडौं। नेपाल एसबिआई बैंक लिमिटेडका ग्राहकले न्युरो कार्डियो एण्ड मल्टिस्पेसियालिटी हस्पिटल (न्युरो अस्पताल)मा छुट पाउने भएका छन्। नेपाल एसबिआई बैंक र विराटनगरमा रहेको न्युरो कार्डियो एण्ड मल्टिस्पेसियालिटी हस्पिटल (न्युरो अस्पताल) बीच छुटसम्बन्धी सम्झौता भएको छ। बैंकका सम्पूर्ण भिसा डेबिट कार्ड तथा मोबाइल बैंकिङ सेवा



प्रयोगकर्तालाई छुट दिने सम्झौता भएको हो।

उक्त सम्झौता बैंकका कोशी प्रदेश प्रमुख रविन घिमिरे तथा अस्पतालका अपरेशन डाइरेक्टर राजेश भट्टराईबीच सम्पन्न भयो। उक्त सम्झौता बैंक तथा अस्पतालका कर्मचारीको उपस्थितिमा भएको थियो। सम्झौताअनुसार अस्पतालको सेवा लिएबापत एसबिआई बैंकका ग्राहकले कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गरेमा छुट पाउने बैंकले जनाएको छ।

हार्दिक मंगलमय शुभकामना

नव बर्ष २०८१ सालको उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्गहरु तथा नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

राष्ट्रको सञ्चार
नेपाल टेलिकम

हार्दिक शुभकामना

नव वर्ष २०८१

को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

Pro. Sitaram Gautam
Tundi Rs Jv
Mobile No. 985-1088023

INTERNATIONAL CHILDREN'S LITERATURE CONFERENCE-2024
अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन-२०८१

First International Conference on Children's Literature

September 20-22, 2024
Kathmandu

Organized by:
Nepal Academy
&
Nepalese Society for Children's Literature (NeSChiL)

Special Features
- Seminar Paper Presentation
- Panel Discussions
- Book Exhibition
- 'Meet the Author' Program
- Art Exhibition
- Cultural Performances
- Storytelling



Please register yourself. The first hundred entries from Nepal will be entertained on priority basis.

International delegates will be especially contacted by the organizers.

For registering, please log in to www.nepalbalsahitya.org.np


कौशलकुमार भट्टराई


कृष्ण लम्साल


पिएमणि भट्टराई


हरि शरण जमकटेल

प्रधान–सम्पादक/प्रकाशक : **कौशल कुमार भट्टराई (९८५११३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
बजार व्यवस्थापक: देवराज आचार्य (९८४८७४२६५८)
सल्लाहकार : टीका योगी
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

# राजनीति, शिक्षा र जनताको चेतना

**पुष्कर कडेल**

"समृद्ध र शान्त देश बनाउन परिपूर्ण लोकतन्त्रलाई सुदृढ गर्दै सबै नयाँ पुस्तालाई सकारात्मक र रचनात्मक सोच र व्यवहार गर्न सक्ने बनाउनु पर्छ। यसका लागि शिक्षा व्यवस्थासँगै प्रशासनिक, न्यायिक र आर्थिक संरचनामा संरचनात्मक परिवर्तन अनिवार्य भएको छ।"

शिक्षाको चरित्र बदली नगरी सुधारको प्रयास मात्रै गर्नु भनेको यथास्थितिलाई निरन्तरता दिनु हो। यथास्थितिमा सुधारमा रमाउनु भनेको शिक्षामा पश्चिमा चिन्तन प्रणालीको प्रभाव अझ बढाउनु हो। अहिले पश्चिमा चिन्तन प्रणालीको प्रभाव बढाउने लक्ष्यका साथ क्रियाशील पात्र र प्रवृत्तिको नेतृत्वमा शिक्षाको गुणस्तर बढ्ने परिकल्पना गर्नु भनेको समय, श्रोत र साधनको सदुपयोग हुन नदिएर नयाँ पुस्तालाई निरन्तर भ्रमित बनाइरहनु र परदेशिन प्रेरित गरिरहनु हो।

"कुनै देश ध्वस्त बनाउनु छ भने त्यो देशको शिक्षा ध्वस्त बनाउनु पर्छ।" (नेल्शन मण्डेला) आज नेपालमा जनताको चेतना विशिष्ट बन्न नदिने नियतका साथ रूपमा शिक्षामा सुधारको कुरो गरिदैछ भने सारमा त्यसले शिक्षा ध्वस्त बनाउने काम गरिरहेको छ। आज शिक्षामा सुधार होइन आमूल परिवर्तन आवश्यक छ। बढ्दो पलायन संस्कृतिबाट नयाँ पुस्तालाई टाढा राख्ने शिक्षा व्यवस्था र राज्यको नीति चाहिएको छ। राज्य सञ्चालनमा मुख्य भूमिका खेलिरहेका पात्रहरूमा नागरिक निर्यात गरेर वस्तु आयात गर्न सिकाउने शिक्षा र सघाउने राज्यको नीति त्याग्ने बुद्धि र सामर्थ्य देखिनु पर्छ।

"आँखाले त्यो कुरा मात्र देख्छ, जुन कुरा बुझ्न मन तयार छ।" यो सत्यलाई मनन गरेर जनताको मनस्थिति विशिष्ट बनाउन राज्यले शिक्षामा आमूल परिवर्तन गर्दै लगानी बढाउनु पर्छ। यसका साथै जनतालाई सही सूचना र गुणस्तरीय शिक्षाबाट निरन्तर प्रशिक्षित पनि गरिरहनु पर्छ। जसले जनताको चेतना र देशको राजनीति स्तरीय बनाउन सहयोग गर्नेछ। अनिमात्र जनतामा राज्यप्रति विश्वास बढ्छ र पलायन मनोविज्ञान कमजोर भएर देशमै केही गरौं भन्ने भावना बलियो बन्न थाल्नेछ। त्यसैले राजनीतिक परिवर्तन गरेर मात्रै जनताको मनोविज्ञान सकारात्मक बनाउन सकिन्न। यसका लागि शिक्षा व्यवस्थामा नै आमूल परिवर्तन गर्नैपर्छ।

राजनीति नीतिहरूको राजा हो भने शिक्षा राजनीतिको जननी हो र जनताको चेतना शिक्षाको उपज हो। यो यथार्थ बुझेर नेतृत्वले आफ्नो भूमिका बढाउनु र क्षमता पनि देखाउनु पर्छ। त्यसैले भनिएको हो, "राजनीतिक नेतृत्व भनेको दृष्टिकोणलाई यथार्थमा रूपान्तरण गर्ने क्षमता हो।" हामीले बुझ्नुपर्छ; राजनीति, शिक्षा र जनताको चेतना एकअर्काको क्षमता र प्रदर्शनका आधारमा बलियो बन्छ। एउटा कमजोर हुँदा अर्को स्वतः निस्प्रभावी हुन्छ।अहिले नेपालमा भएको पनि त्यही हो।

कुनै पनि प्रकारको गरिबी अन्त्य गर्न हामीले सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नुपर्छ। यसका साथै हामीले प्रगतिशील लोकतान्त्रिक राजनीतिक शक्तिलाई बलियो बनाएर नीतिहरूलाई प्रगतिशील बनाउनु पर्छ। खासगरी नयाँ पुस्तालाई सशक्त बनाउन हामीले उनीहरूले पाउने शिक्षाको चरित्र पनि राज्यको चरित्रअनुरूपको बनाउन सक्नुपर्छ। अन्यथा राज्यको चरित्र एकातिर नयाँ पुस्ताको गतिविधि अर्कातिर भएर देशमा अराजकता र स्वछन्दता बढीरहन्छ। यो आज देशको वस्तुगत अवस्था हो। बौद्धिक दरिद्रता अपराधको जननी हो भनिन्छ। यो यथार्थ हामीले बुझ्न सकिरहेका छैनौं भन्ने कुरा हाम्रा बोली र व्यवहारहरूले देखाइरहेको छ।

"ज्ञान नै शक्तिको श्रोत हो। शिक्षा ज्ञानको महाशक्ति हो भने सकारात्मक र रचनात्मक जनमनोविज्ञान असल अर्थात प्रगतिशील लोकतान्त्रिक राजनीतिको बलियो आधार हो।" तर आज जनमनोविज्ञान भ्रमित भएको छ। भ्रमित जनमनोविज्ञानले राजनीतिमा असल र खराब छुट्याउने भन्दा खराबलाई असल देख्न थालेको छ। यसले देशको राजनीति प्रदुषित बन्दैछ र विचारहीन राजनीति अनि चरित्रहीन र नैतिकहीन पात्रको चर्चा भइरहेको छ। यसले देशको परिस्थिति हिजोभन्दा आज असुरक्षित बनिरहेको छ। शिक्षाविद् अलि इज्जद्दीन भन्छन्, "हामी विश्वास गर्छौं कि शिक्षाले एउटा राम्रो संसारलाई आकार दिन सक्छ जहाँ मानिसहरू र विश्वमा समृद्धि र सद्भावमा कायम हुन्छ।" तर हाम्रो शिक्षाले हाम्रो चेतना हिजोको भन्दा आज कमजोर बनाइरहेको छ। हाम्रो मनोविज्ञान भ्रष्ट पनि बनाउँदैछ।

आज त्यो ज्ञान, शिक्षा र मनोविज्ञानमाथि प्रश्न उठेको छ। यो प्रश्नको सही उत्तर नखोज्दासम्म देशको अवस्थामा सकारात्मक र गुणात्मक परिवर्तन हुने देखिएन। त्यसैले शिक्षा व्यवस्थामा आमूल परिवर्तन नगरी न प्राप्त ज्ञानले शक्ति दिन्छ न त शिक्षा त्यो शक्तिको श्रोत बन्छ न त सामाजिक मनोविज्ञान प्रगतिशील लोकतान्त्रिक राजनीतिको बलियो आधार नै बन्नसक्छ। यसबाट स्पष्ट हुन्छ, हाम्रो शिक्षाले हामीलाई ठीक ढंगले दीक्षित र प्रशिक्षित गरिरहेको छैन्। त्यसैले त हामी २१औं शताब्दीमा पनि भ्रमहरूबाट प्रभावित र निर्देशित भइरहेका अनि खराबका पछि कुदिरहेका छौं। प्रगति खोज्न प्रतिगमनको त उन्नति खोज्न दासताको साहारा लिदैछौं। फेरि खराबलाई अघि लगाएर सुशासन र समृद्धि खोज्दैछौं। त्यसैले समस्या हाम्रो चेतमा नै छ न कि हाम्रो शासन व्यवस्थामा।

शिक्षक, शिक्षा क्षेत्रका सरोकारावाला र राजनीतिक नेतृत्वहरूले बुझ्नुपर्छ, शिक्षाको गुणस्तर राम्रो बनाउन नसक्दासम्म न जनताको मनोविज्ञान सकारात्मक र रचनात्मक बन्नसक्छ न त देशको राजनीति नै प्रगतिशील लोकतान्त्रिक बनेर देशको अवस्थामा गुणात्मक सुधार ल्याउन सक्छ। यो लेखक विश्वास गर्छ, राजनीतिमा शुद्धीकरण गर्नुभन्दा अघि जनताको मनोविज्ञान शुद्धीकरण हुनुपर्छ। जनता भ्रमहरूबाट मुक्त हुनुपर्छ। जनताले खराब र असल छुट्याउने क्षमता देखाउनु र प्रगतशील लोकतान्त्रिक राजनीतिक विचार र नेतृत्व चिन्न र चुन्न सक्नुपर्छ। त्यसैले शिक्षाको चरित्र पुर्वीय चिन्तन प्रणालीको जगमा विकास गर्नुका साथै खराब पात्र र प्रवृत्तिलाई चिनेर तिनको बहिष्कार गर्ने क्षमता हामीमा विकास हुनुपर्छ। अन्यथा न देशको अवस्था बदलिन्छ न त जनअपेक्षाहरू नै पुरा हुनेछ।

जबसम्म हामी पश्चागमनउन्मुख शिक्षा तथा सामाजिक व्यवस्थाबाट प्रशिक्षित भइरहनु पर्ने परिस्थिति कायम रहन्छ तबसम्म देशमा अतितमुखी सोच हावी भइरहन्छ। देशमा राजनैतिक तथा संवैधानिक स्थिरता कायम भएर समृद्ध देश सुखी नागरिक बनाउने राजनीति बलशाली बन्ने परिस्थिति बन्दैन्। शिक्षाले हाम्रो मनोविज्ञान सकारात्मक बनाएर देशमै केही हुन्छ भन्ने आशा जगाएर नयाँ पुस्तालाई देशभित्रै उत्पादन तथा सेवा क्षेत्रमा सक्रिय हुन सिकाइरहनु पर्छ।

देश समृद्ध र जीवन सुखी बनाउन हाम्रो मनस्थिति सकारात्मक र आसावादी अनि व्यवहार रचनात्मक हुनुपर्छ। यसका लागि हामी भविष्यमुखी शिक्षा र सामाजिक , प्रशासनिक, न्यायिक र आर्थिक व्यवस्थाबाट निर्देशित भइरहनु पर्छ। हाम्रा क्षमताहरू देशको समृद्धिमा प्रयोग गरिरहनु पर्छ। यो नियमित र निरन्तर चलिरहने प्रक्रिया हो। यो कुरो हामीले बुझ्नुपर्छ, हामी युवा भावना र आचरणका साथ सक्रिय भइरहन सक्यौं भने उत्पादन प्रणालीमा योगदान गर्ने हुन थाल्छौं। त्यसैले निर्धक्कसँग भन्न सक्नुपर्छ, आजको समय राजनीति, शिक्षा र जनताको चेतनामा सकारात्मक र गुणात्मक परिवर्तनका लागि सबभन्दा उत्तम समय हो किनभने हामी यो भन्दा खराब अवस्थामा पुग्ने कुनै ठाउँ छैन्।

सामाजिक सञ्जाल र सञ्चार माध्यमहरूको व्यापक दुरूपयोग गरेर व्यवस्था विरोधीहरूले जनतामा लोकतान्त्रिक गणतन्त्रभन्दा राजतन्त्रात्मक व्यवस्था नै ठीक भन्ने जनमनोविज्ञान विकास गर्न खोजिदैछ। लोकतान्त्रिक गणतन्त्रवादीहरूले पनि आफ्ना व्यवहार र आचरण अनि राज्य संयन्त्रहरूलाई लोकतान्त्रिक गणतन्त्रअनुरूप बनाउन र चलाउन सकेका छैनन्। जसका कारणले जनतामा पनि व्यापक आक्रोश बढ्दैछ। यही जनआक्रोशको जगमा राजनीति गर्नेहरू पनि जोरस्वरका साथ क्रियाशील भइरहेका छन्।

त्यसैले यतिखेर हामीले राजनीतिको रूप पक्ष हेरेर होइन, सार पक्ष बुझेर पनि राजनीतिको टिप्पणी र विश्लेषणहरू गर्नुपर्ने भएको छ। अहिले रातारात लोकप्रिय देखिएका पात्रहरूको चरित्र, व्यवहार र विगत अत्यन्त विवादास्पद भएको कहीं कतै लुकेको छैन्। नेपालमा आयातित मुद्दा स्थापित गर्न विभिन्न माध्यमहरूबाट बाह्य लगानीहरू भइरहेका छन्। ति लगानीहरूबाट हाम्रा प्राज्ञिक वर्ग अनि सञ्चार माध्यमहरू प्रभावित भएको पाईन्छ। तिनले असल विचार र मुद्दालाई स्थापित गर्न भन्दा आयातित विचार र मुद्दालाई स्थापित गर्न आफ्ना क्षमता र भूमिकाहरू प्रयोग गर्नलाई रमाएको देखियो। जसले राजनीति अस्थिर बनाएर नियन्त्रित अस्थिरता बढाउने काम गरेको छ। यो खालको प्राज्ञिक वर्ग तयार गर्ने शिक्षा व्यवस्थामाथि प्रश्न उठाउनु पर्ने भएको छ। खराब शिक्षा सुधार्न राजनीतिले मुख्य भूमिका खेल्नुपर्ने समय आएको छ। अनिमात्र जनताको चेतनाले परिपूर्ण लोकतन्त्रको पक्षमा उभिने सामर्थ्य देखाउँछ। अन्तमा "फरक मान्छेको सोचमा छ किनभने भर्याङ त्यही हो, जसले माथि पनि पुर्याउँछ, तल पनि।" आज राजनीति त्यस्तै भएको छ। शिक्षाले जनताको चेतना उत्कृष्ट बनाउन सकेको छैन्।

मंगलमय शुभकामना
नव वर्ष २०८१ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिवाकर पाण्डे (अध्यक्ष)
डिजी पे प्रा.लि.परिवार
अनामनगर, काठमाडौं

मंगलमय शुभकामना
नव वर्ष २०८१ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रकाश गैरे (अध्यक्ष)
एस्पायर एच.आर.कन्सल्ट प्रा.लि.परिवार
काठमाडौं

मंगलमय शुभकामना
नव वर्ष २०८१ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विनोद कुमार सिंह (महासचिव)
लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल
केन्द्रीय कार्यालय, बबरमहल (काठमाडौं)

मंगलमय शुभकामना
नव वर्ष २०८१ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मेघनाथ भण्डारी
एम.एन.भण्डारी एण्ड एसोसिएट्स परिवार
काठमाडौं

मंगलमय शुभकामना
नव वर्ष २०८१ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हरि शरण जमकटेल/ कौशल कुमार भट्टराई
परिवर्तन कानूनी केन्द्र प्रा.लि.
बबरमहल, काठमाडौं

मंगलमय शुभकामना
नव वर्ष २०८१ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
पाण्डव श्रेष्ठ (अध्यक्ष)
अग्लेश्वरी निर्माण सेवा प्रा.लि.
बबरमहल, काठमाडौं

मंगलमय शुभकामना
नव वर्ष २०८१ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
क्रियटिभ सेन्टर नेपाल प्रा.लि.परिवार
बबरमहल, काठमाडौं

मंगलमय शुभकामना
नव वर्ष २०८१ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विष्णु प्रसाद काफ्ले (अध्यक्ष)
अभियान डिजिटल प्रा.लि.परिवार
बाफल, काठमाडौं

मंगलमय शुभकामना
नव वर्ष २०८१ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विजयराज आचार्य (अध्यक्ष)
विवेक सिर्जनशील प्रकाशन प्रा.लि.
सानेपा, ललितपुर

# पैसा, सुन र घरजग्गाले भरिए बैंक

**सन्तोष रोकाया**







बैंक तथा वित्तीय संस्थाको काम पैसाको कारोबार गर्ने हो। बचतकर्ताबाट निक्षेप लिने र सोही निक्षेपलाई ऋणीमा लगानी गरेर बैंकले आफ्नो बिजनेस गर्छन्। निक्षेपकर्तालाई दिएको ब्याजमा थोरै मार्जिन थपेर ऋणीलाई ऋण दिंदा प्राप्त भएको पैसालाई बैंकले आम्दानीका रूपमा गणना गर्छन्। बैंकले ऋणीबाट ऋण असुल गर्न सकेन भने धितोको रूपमा राखेको घरजग्गा, अन्य सम्पत्ति लिलाम वा बिक्री गरेर आफ्नो लगानी असुल गर्छन्। र, बाँकी रहेको पैसा ऋणीलाई नै फिर्ता गर्छन्। बैंक तथा वित्तीय संस्थाको नियामक नेपाल राष्ट्र बैंकले बैंकहरूलाई सुनको कारोबार गर्न पाउने व्यवस्था पनि गरेको छ। सोही व्यवस्थाअनुसार बैंकहरूले सुन आयात गरेर व्यवसायीलाई बिक्री पनि गर्ने गरिरहेका छन्।

तर, अहिले यो सबै कारोबार ठप्प नै छ भन्दा फरक नपर्ला। कुनै बेला तरलताको अभाव रहेको भन्दै ब्याज बढाउन प्रतिस्पर्धा गर्ने बैंकहरू अहिले तरलता बढी भएर ऋण लिनका लागि उद्योगी व्यवसायीलाई आग्रह गरिरहेका छन्। ब्याजदर घटाउँदा पनि ऋणीहरूबाट ऋणको माग नभएपछि अहिले बैंकर ठूलो तनाबमा छन्।

यही तनाब नेपाल बैंकर्स संघका अध्यक्ष सुनिल केसीले गत बिहीबार प्रस्तुत गरे। संघले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले भने, 'अहिले कर्जाको माग छैन, माग बढाउन निरन्तर ब्याजदर घटाइरहेका छौं, हाउजिङ र इलेक्ट्रिकल भेइकल लगायत क्षेत्रमा कर्जाको ब्याजदर एकल अंकमा झारिसक्यौं। तर, ऋणीबाट ऋणको माग हुन सकेको छैन।'

उनले विगतमा ब्याज बढी भयो भनेर गुनासो आउने भएपनि अहिले ब्याज घट्दा पनि कर्जाको माग नहुनु बिडम्वना रहेको धारणा राखे। उनले कर्जाको ब्याज घटाए पनि माग नै नभएको गुनासो गरे। कर्जाको माग नबढ्नु बैंकिङ क्षेत्र र समग्र अर्थतन्त्रका लागि चिन्ताको विषय भएको उनको तर्क छ।

अहिले बैंकिङ क्षेत्रमा ५ खर्ब बढी लगानीयोग्य रकम छ। राष्ट्र बैंकको पछिल्लो तथ्यांकअनुसार बैंकहरूको कर्जा निक्षेप अनुपात (सीडी रेसियो) औसत ८०.८८ प्रतिशत छ। राष्ट्र बैंकको व्यवस्थाअनुसार बैंकहरूको सीडी रेसियो ९० प्रतिशत तल हुनुपर्छ।

निक्षेप वृद्धिको तुलनामा कर्जा प्रवाह हुन नसक्दा वित्तीय प्रणालीमा अधिक तरलता देखिएको बैंकरहरू बताउँछन्। राष्ट्र बैंकको पछिल्लो तथ्यांकअनुसार हाल बैंक तथा वित्तीय क्षेत्रमा कुल ६१ खर्ब ६ अर्ब रुपैयाँ निक्षेप छ भने ५० खर्ब ८८ अर्ब रुपैयाँ कर्जा लगानी भएको छ।

बैंकहरूले ९० प्रतिशतसम्म सीडी रेसियो कायम गरी कर्जा प्रवाह गर्न पाउने प्रावधानअनुसार बैंकहरूसँग ५ खर्ब बढी कर्जा दिन सक्ने क्षमता छ। अहिले बैंकहरू राष्ट्र बैंकमा पैसा राख्न बाध्य छन् भने अन्तर बैंक कारोबार पनि न्यून ब्याजदरमा गरिरहेका छन्। ग्राहकबाट गुणस्तरीय कर्जाको माग हुन नसकेको बैंकरहरू बताउँछन्।

नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म बैंकहरूको कर्जा प्रवाह ४.२ प्रतिशत बढेर १ खर्ब ९९ अर्ब ५० करोड रुपैयाँ लगानी गरेका छन्। अघिल्लो वर्षको सोही अवधिमा १ खर्ब २८ अर्ब १८ करोड रुपैयाँ मात्रै कर्जा प्रवाह गरेका थिए।

पैसाले भरिएका बैंकहरूसँग घरजग्गाको पनि अहिले भण्डारण छ। अहिले बैंकहरूले ऋण नतिर्ने ग्राहकबाट सकारेको घरजग्गा बिक्री गर्न सकेका छैनन्। एक बैंकरकाअनुसार सस्तोमा घरजग्गा बिक्री गर्छु भन्दा पनि ग्राहक पाउन सकिएको छैन। ऋण असुल नहुँदा बैंकको खराब कर्जा अनुपात बढेको बढ्यै छ। त्यसलाई कम गर्नका लागि पनि बैंकहरूले ऋणीले राखेको धितो लिलाम गर्ने गरेका छन्।

बैंक तथा वित्तीय संस्थाले लगानी गरेको ऋणलाई जोखिममुक्त पार्नका लागि धितोकारूपमा घरजग्गा राख्ने गरेका छन्। कुनै बेला घरजग्गा धितो राख्दा पनि बैंकलाई ऋण डुबे पनि फरक पर्थेन। किनकी घरजग्गाको मूल्य बढिरहेको थियो भने खरिद गर्ने ग्राहक पनि सजिलै पाउन सकिन्थ्यो। मन परेको घरजग्गा बैंक आफैंले सकार्थे। यसरी बैंक आफैंले स्वीकार गरेको सम्पत्तिलाई गैर-बैंकिङ सम्पत्ति भनिन्छ।

अहिले बैंकहरूलाई सोही गैर-बैंकिङ सम्पत्तिले पिरोलिरहेको छ। 'पहिले बैंकले प्रकाशित गर्ने लिलामीका सूचनाहरू व्यवसायी या खरिदकर्ताले नियालिरहन्थे, सूचना आउने बित्तिकै बैंकमा आइहाल्थे। तर, अहिले केही सस्तोमा बिक्री गर्छौं भन्दा पनि ग्राहक पाइँदैनन्, बैंकका लागि गैर-बैंकिङ सम्पत्ति चिन्ताको विषय छ,' एक बैंकका सीईओले भने।

**कुन बैंकको गैर-बैंकिङ सम्पत्ति कति ?**

हाल वाणिज्य बैंकसँग १९ अर्ब ९१ करोड ५० लाख रुपैयाँ बराबरको गैर-बैंकिङ सम्पत्ति छ। सबैभन्दा बढी गैरबैंकिङ सम्पत्ति एनआइसी एसिया बैंकको छ। चालु आर्थिक वर्षको पुससम्म यस्तो सम्पत्ति ३ अर्ब ४० करोड नाघेको छ।

चालु आर्थिक वर्षको पुससम्म ग्लोबलको २ अर्ब १८ करोड २० लाख, प्राइम कमर्सियल बैंकको २ अर्ब ७ करोड ९० लाख, नेपाल इन्भेष्टमेन्ट मेगाको १ अर्ब ९७ करोड ८० लाख, कुमारीको १ अर्ब ७६ करोड ४० लाख, नबिलको १ अर्ब ४९ करोड ६० लाख, माछापुच्छ्रेको १ अर्ब ४५ करोड १० लाख, लक्ष्मी सनराइजको १ अर्ब ४१ करोड १० लाख र हिमालयनको ८२ करोड ८० लाख रुपैयाँ गैर बैंकिङ सम्पत्ति रहेको छ।

यस्तै, एनएमबि बैंकको ७९ करोड २० लाख, सिद्धार्थको ६४ करोड ४० लाख, प्रभुको ५४ करोड ६० लाख, सिटिजन्सको ३० करोड १० लाख, सानिमाको २५ करोड ८० लाख, कृषि विकासको २५ करोड २० लाख, राष्ट्रिय वाणिज्य बैंकको १८ करोड ७० लाख, नेपाल बैंकको १८ करोड ५० लाख, एभरेष्टको १५ करोड ५० लाख र नेपाल एसबिआई बैंकको ७ करोड ७० लाखको गैर बैंकिङ सम्पत्ति रहेको छ।

**सुन पनि थुप्रियो**

बैंकमा पैसा र घरजग्गा मात्रै होइन सुन पनि थुप्रिएको छ। पछिल्लो समय सुनको मूल्य निरन्तर बढिरहेको छ। सोमबार सुनचाँदीको मूल्यले नयाँ रेकर्ड राखेको छ। सोमबार तोलामा ६ सय रुपैयाँले सुनको मूल्य बढेको छ। सोमबार छापावाल सुनको मूल्य बढेर प्रतितोला १ लाख ३६ हजार २ सय रुपैयाँमा कारोबार भइरहेको छ। त्यस्तै, तेजावी सुनको मूल्य प्रतितोला १ लाख ३५ हजार ५ सय ५० रुपैयाँमा कारोबार भइरहेको छ।

सुनको मूल्य बढे पनि सुनको माग भने बजारमा एकदमै कम रहेको बुझिएको छ। सोही कारण पनि बैंकले आयात गरेको सुन बैंकमै थुप्रिएको हो। नेपाल सुनचाँदी व्यवसायी महासंघले अहिले सुनको माग न्यून रहेको बताएको छ। नेपाल राष्ट्र बैंकले सुनको दैनिक कोटा २० किलो तोकेको भएपनि बजारमा दैनिक पाँच केजी सुन पनि बिक्री हुन सकेको छैन। अहिले कोटाअनुसार सुन खरिदबिक्री नभएको महासंघका अध्यक्ष माणिकरत्न श्रेष्ठले बताए।

अहिले बैंकमा एक सय केजी बढी सुन मौज्दात रहेको बुझिएको छ। फागुन मसान्तसम्म करिब २ सय केजी सुन मौज्दात रहेकोमा चैत अन्त्यसम्म भने एक सय केजीको हाराहारीमा सुन छ। रुस र युक्रेनबीच जारी द्वन्द्व र डलरको भाउ उकालो लागेपछि सुनको भाउले कीर्तिमानी बनाएको छ। अन्तर्राष्ट्रिय बजार र भारतको बजारलाई आधार मानेर सुनेको मूल्य निर्धारण गरिन्छ। चालु आर्थिक वर्षको पहिलो ८ महिनामा १५ अर्ब २३ करोड ४१ लाख रुपैयाँको १८ लाख ५ सय किलो सुन आयात भएको भन्सार विभागले जनाएको छ।

# प्रभु बैंकद्वारा क्युआर स्ट्याण्ड हस्तान्तरण



काठमाडौं। नगद रहित भुक्तानी प्रणालीमा विशेष जोड दिईरहेको प्रभु बैंकले कागबेनीमा 'कागबेनी मन्दिर श्राद्धस्थल व्यवस्थापन समिति' लाई एक समारोहका बिच क्युआर स्ट्याण्ड उपलब्ध गराएको छ।

हिमाल पारिको जिल्ला मुस्ताङ्गको विभिन्न गाउँपालिकाहरुमा ७ वटा शाखा कार्यालय मार्फत सम्पूर्ण बैंकिङ्ग सेवा उपलब्ध गराईरहेको यस बैंकले भक्तजनहरुको सहजीकरणका तथा सुबिधाका लागि क्युआर स्ट्याण्ड उपलब्ध गराएको हो।

मुस्ताङ्ग जिल्लाको समुन्नत आर्थिक विकास तथा समृद्धिका लागि प्रभु बैंकले वित्तिय सेवा मात्र नभएर वित्तिय सचेतना तथा समाजिक उत्तरदायित्व निर्वाहमा समेत विशेष ध्यान दिएको प्रभु बैंकको गण्डकी प्रदेश कार्यालयले जनाएको छ।

बहुचर्चित धार्मिकस्थल कागबेनीमा बिशेषगरी बडादसैं र चैतेदसैं अघिको सोह्रश्राद्ध तथा औंसी तिथिमा दिवंगत आफन्तहरुको नाममा पिण्डदान र तर्पणका लागि वर्षेनी नेपाल र भारतबाट करिब ११ हजार जनाभन्दा बढी भक्तजनहरुको यो क्षेत्रमा आवागमन हुने गरिएको छ। सोही भक्तजनहरु सेवाका लागि प्रभु बैंकले उक्त सेवा प्रदान गरेको हो।

यसैवीच बैंकले २२औं वार्षिक साधारण सभा बोलाएको छ। बैंकको चैत २३ गते बसेको सञ्चालक समिति बैठकले आगामी वैशाख २० गतेका दिन काठमाडौं बबरमहलमा रहेको बैंकको केन्द्रीय कार्यालयमा सभा बोलाएको हो।।

उक्त सभामा आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको प्रतिवेदनमाथि छलफल गरी पारित गरिनेछ। यस्तै सभामा लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/८० को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अनुसूचीहरू पारित गरिनुका साथै चालु आर्थिक वर्ष २०८०/८१ का लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव र सञ्चालकहरूको नियुक्ती अनुमोदन तथा जानकारी सम्बन्धमा प्रस्ताव पारित गरिनेछ। सभामा बैंकको सहायक कम्पनी प्रभु क्यापिटल र प्रभु स्टक मार्केट लिमिटेडको गत आर्थिक वर्ष २०७९/८० को वित्तीय विवरणसहितको एकीकृत वित्तीय विवरणमाथि छलफल गरी पारित गरिनेछ। साधारण सभा प्रयोजनका लागि बैंकले वैशाख ४ गते बुक क्लोज गर्ने निर्णय गरेको छ। यसर्थ वैशाख ३ गतेसम्म नेप्सेमा कारोबार भई कायम भएका सेयरधनीहरू मात्रै सभामा सहभागी हुन योग्य हुनेछन्।

## ग्रीन डेभलपमेन्ट बैंकको लाभांशसँगै सेयर संरचना परिवर्तन गर्ने प्रस्ताव पारित




काठमाडौं। ग्रीन डेभलपमेन्ट बैंकको प्रस्तावित लाभांश पारित भएको छ। मंगलबार सम्पन्न बैंकको दशौं र एघारौं वार्षिक साधारण सभाले बैंकको ३.८ प्रतिशत बोनस र कर प्रयोजनको लागि ०.२० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो।

त्यस्तै, बैंकको संस्थापक सेयर र सर्वसाधारण सेयरको अनुपात ५१:४९ प्रतिशत कायम हुने प्रस्ताव पनि पारित भएको छ।

सभामा संस्थापक सेयरधनीहरुको प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्विरोध निर्वाचन भएको छ। त्यस्तै, सभाले सर्वसाधारण सेयरधनीहरुको प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको नियुक्ती अनुमोदन गरेको छ। साथै, सञ्चालक समितिले स्वतन्त्र संचालक नियुक्त गरेको जानकारी समेत सभामा दिएको छ।

उक्त सभाले आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण नियुक्ती गर्नको लागि बैंकको लेखापरीक्षण समितिद्वारा सिफारिस गरिए बमोजिम लेखापरीक्षक सुजन काफ्ले एण्ड एसोसियट्स चार्टड एकाउन्टेन्टलाई नियुक्ति गर्ने प्रस्ताव पारित गरेको छ। साधारणसभामा बैंकका प्रमुख कार्यकारी अधिकृत हरि बहादुर बुढाथोकीले चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारण गरिएको लक्ष्यहरु हासिल हुने गरी कार्यक्रम संचालन गरिएको तथा चालु आर्थिक वर्षमा बैंकले सेयरधनीको अपेक्षा बमोजिमको लक्ष्य हासिल गर्ने बताए।

## कामना बैंकको केएसबीबीएल फाइनान्सियल फुटस्टेप्स भिडियो सार्वजनिक

काठमाडौं। कामना सेवा विकास बैंकले वित्तीय साक्षरता सन्देशमूलक भिडियो सिरिज केएसबीबीएल फाइनान्सियल फुटस्टेप्सको टिजर भिडियो सार्वजनिक गरेको छ। नयाँ वर्षको अवसरमा बैंकले उक्त सन्देशमूलक भिडियो श्रृंखला सार्वजनिक गरिने बैंकले जनाएको छ। १३ वटा श्रृंखला भएको सो भिडियो विभिन्न आर्थिक चुनौतीहरु र माईलस्टोनहरु पार गर्दा सम्बन्धित पारिवारिक पात्रहरुको सेटको जिवनलाई पछ्याउँछ।




प्रत्येक एपिसोडले वित्तीय योजनाका विभिन्न पक्षहरुमा जीवनको आवश्यकता र चाहना, बजेट, बचत, लगानी र ऋण व्यवस्थापनको महत्वलाई प्रस्तुत गरिएको छ। भिडियो श्रंखृलाको उद्धेश्य आकर्षक कथा-कथन मार्फत वित्तीय साक्षरता र योजनाको महत्व झल्काउने बैंकले जनाएको छ। सो भिडियो सिरिज प्रत्येक हप्ताको आईतबार बैंकको सामाजिक सञ्जाल मार्फत सार्वजनिक हुने बैंकले जनाएको छ। बैंकले बचत, ऋण तथा बैंकिङ कारोबार सम्बन्धी यस्ता वित्तीय साक्षरता कार्यक्रमहरु आयोजना गर्दै आइरहेको छ।

## सिटिजन्स बैंकद्वारा निःशुल्क स्वास्थ्य शिविर

काठमाडौं। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आउदै गरेको १७ औं वार्षिकोत्सवलाई मध्यनजर गर्दै मिति शनिबार निःशुल्क स्वास्थ्य शिविरहरु सञ्चालन गरेको छ। बैशाख ७ गते बैंकको वार्षिकोत्सव हो। बैंकले सुदुरपश्चिम प्रदेश अन्तर्गत सुख्खड शाखा र बागमती प्रदेश अन्तर्गत कपन शाखाको सक्रियतामा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको हो।



संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले घोडाघोडी नगरपालिका ०८ आमफाँटा कैलालीमा अवस्थित स्थानिय सि.एस. अस्पताल संगको सहकार्यमा निःशुल्क स्वास्थ्य परिक्षणका साथै निःशुल्क औषधी वितरण गरको छ। यसैगरी बागमती प्रदेशको काठमाडौं जिल्ला अन्तर्गत कपन शाखाले नेपलिज सोसाइटी अफ कम्यूनिटी मेडिसिनमा आवद्ध विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सहकार्यमा सफलतापूर्वक स्वास्थ्य शिविर संचालन गरेको छ।

कार्यक्रममा सरस्वतीनगरको परिक्रमा र्याली साथै नसर्ने रोग र मानसिक स्वास्थ्य सम्बन्धी कक्षा संचालन पनि भएको थियो। यसका साथै विरामीहरुको रक्तचाप, मधुमेह परीक्षण लगायत मानसिक स्वास्थ्य परामर्श र स्क्रिनिङ पनि गरिएको थियो।

उक्त स्वास्थ्य शिविरहरुमा करिब ३५० जना व्यक्तिहरुले स्वास्थ्य सेवा प्राप्त गरेका थिए। बैंकले निःस्वार्थ भावले विभिन्न सामाजिक गतिविधि गर्दै आएको छ। गाउँ गाउँमा शिविरको आयोजना गरी रोगको उपचार मात्र नभएर रोगको रोकथाम गर्ने उद्देश्य अनुरुप शिविरको आयोजना गरिएको हो।

निकट भविष्यमा पनि बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत यस्ता स्वास्थ्य शिविर प्रदेशका अन्य शाखाहरु मार्फत पनि संचालन गर्ने योजना रहेको जनाएको छ। सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा निरन्तर सहयोग गर्दै आइरहेको यस बकैंले आगामी दिनहरुमा अन्य सशक्त ढंगबाट सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्ने योजना रहेको जनाएको छ।

बैंकले देशैभरी फैलिएका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७ लाख ४३ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ। हाल ५५ जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ५ शाखाहरु विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्ने छ।

**मंगलमय शुभकामना**

नव वर्ष २०८१ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

उमेश खड्का/ कविन्द्रराज अधिकारी

फ्रेन्कलिन एजुकेशन एण्ड मार्केटिङ कन्सल्टेन्सी प्रा.लि.परिवार

काठमाडौं

# नेपथ्य झापाबाट उदाउने

विर्तामोड/ विक्रम सम्वत् २०८१ को शुभारम्भको अवसर पारेर नेपथ्य झापाको विर्तामोडबाट उदाउने भएको छ। नयाँ वर्षको पहिलो सूर्योदयभन्दा अघिल्लो साँझ नेपथ्य बिर्तामोडमा आफ्नो सांगीतिक प्रस्तुती सहित प्रस्तुत हुने भएको हो।

आगामी चैत ३० गते विर्तामोडमा शुक्रबार बेलुकी ब्याण्डका लोकरक भाका गुञ्जने बताइएको छ ।विर्तामोडमा यसअघि नेपथ्यले 'ट्राफिक व्यवस्थापन'मा योगदान दिन कन्सर्ट गरेको थियो। यस भेगमा सवारी दुर्घटनाको मात्रा अत्यधिक वृद्धिभएको बेला सुरक्षित आवागमनको नाराका साथ पाँच वर्षअघि नेपथ्य प्रस्तुत भएको बताइएको छ।

त्यसभन्दा पहिले द्वन्द्वकालमा शान्तिको आव्हान गर्दै 'सुन्दर शान्त नेपाल' अभियान अन्तर्गत नेपथ्यले यसै भूमिमा गीतहरु सुनाएको बताइएको छ। स्थानीय डोमालाल राजवंशी रंगशालामा आयोजना हुने कन्सर्टका लागि टिकटको मूल्य एक हजार रुपियाँ राखिएको छ। नेपथ्यको प्रस्तुतीका बारेमा व्यवस्थापक नेपालयका अर्पण शर्मा कलाकारबाहेक प्रविधि र प्राविधिकहरु समेत गरेर ठूलो टिमका साथ उपस्थितहुँदा यो एकरुपतालाई बिर्तामोडका दर्शकहरुले पनि महशुस गर्न सक्ने विश्वास व्यक्त गर्दछन्।

कन्सर्टको आयोजना स्थानीय श्रृद्धि इभेन्टले गर्न लागेको हो।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजश्व अनुसन्धान विभागको अनुरोध

व्यावसायिक प्रयोजनका मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle & Consignment Tracking System-VCTS) को सफ्टवेयर तयार गरी २०७६ श्रावण १ गतेबाट संचालनमा रहेको छ। एक स्थानबाट अर्को स्थानसम्म व्यावसायिक प्रयोजनका मालवस्तु ढुवानी गर्दा भन्सार बिन्दुबाट आयात भएको मालवस्तुको हकमा प्रज्ञानपत्र र स्थानीय मालवस्तुको ढुवानी भएको मालवस्तुको विलविजक र मौज्दात स्थानान्तरणको हकमा चलान संलग्न गरी Vehicle & Consignment Tracking System-VCTS मा अनिवार्य रुपमा प्रविष्ट गरेर मात्र सामान ओसार पसार गर्नु हुन अनुरोध छ। यस VCTS मा प्रविष्ट नगरी समान ओसार पसार गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही भै जाने व्यहोरा समेत अनुरोध गरिन्छ।

VCTS सम्बन्धी कुनै समस्या भएमा
टेलिफोन नं.: ०१-५४४४७४५, टोल फ्रि नम्बर: १६६०-०१-५५०००
IT SUPPORT- ९८४९३९८९१४, ९८०१०६९२९
Email: vcts@dri.gov.np मा E-mail गर्नु हुन।

फोहोर मैला व्यवस्थापन गर्ने सम्बन्धी हार्दिक अनुरोध

- कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै भाँडोमा राख्नुहोस्।
- कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै दिन संकलन गरिनेछ।
- सम्भव भएसम्म कुहिने फोहोरलाई कम्पोष्ट मल बनाई आफ्नै करेसाबारीमा वा कौसीखेतीमा प्रयोग गर्ने बानी बसालौं।
- प्लाष्टिकको झोलाको सट्टामा कपडाको झोला प्रयोग गरौं।
- घर वरिपरि सफा राखौं र स्वस्थ बनौं।
- फोहोर मैला व्यवस्थापन गर्न आफ्नो दायित्व निर्वाह गरौं।
- फोहोर उठाउने जनचेतनाको विकास गरौं।
- घर अगाडिको सडक तथा फुटपाथमा निर्माण सामग्री तथा अन्य कुनै पनि सामग्री नराखौं।
- आफ्नो टोल, चोक, घर, आँगन हामी आफैंले सफासुग्घर राखी स्वच्छ र हराभरा वडा निर्माणमा योगदान गरौं।

वडा अध्यक्ष
३१ नं. वडा कार्यालय
काठमाण्डौं, बागमती प्रदेश, नेपाल

हार्दिक शुभकामना
नव वर्ष २०८१
को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
प्रो. रामबहादुर गौतम
मोतीदान कन्स्ट्रक्सन कम्पनी प्रा.लि.
महाराजगञ्ज, काठमाडौं

हार्दिक शुभकामना
नव वर्ष २०८१
को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। प्रो. थान प्रसाद श्रेष्ठ
जय नेपाल-ईश्वर श्री सिद्धबाबा जे.भी.
स्याङ्जा, वालिङ
मो. ९८५६०२८०५४

हार्दिक शुभकामना
नव वर्ष २०८१
को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
Gandaki GI Wire and Metal industry
Aaudhogik Chhetra Pokhara
Ph No. 9856088082

हार्दिक शुभकामना
नव वर्ष २०८१
को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
लामा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.
काठमाडौं

हार्दिक शुभकामना
नव वर्ष २०८१
को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
प्रो. आशिस कुमार श्रेष्ठ
वन्दन भगवती जे.भी.

# के नेपालमा थप मोबाइल सेवा प्रदायक आवश्यक छ ?

**अचुतकुमार ओझा**

केही दिन अगाडि एक राष्ट्रिय दैनिक पत्रिकामा मोबाइल सेवा दोआधिकार ( डुओपोली) रहेकाले थप सेवा प्रदायक भित्र्याउनुपर्ने समाचार प्रकाशन भएको थियो। स्वयं दूरसञ्चार प्राधिकरणको वार्षिकोत्सवमा पनि यो विषय उठेको थियो। नेपालमा कुनै समय छवटा मोबाइल सेवा प्रदायक रहेकामा हाल चारवटा बन्द भएर दुईवटा सेवाप्रदायकले सेवा दिइरहेका छन्। नेपाल टेलिकम र एनसेल एक्जिएटा प्रतिस्पर्धाको दौडमा विभिन्न जोखिमबीच आफूलाई बचाउन सफल भए तर बाँकी कम्पनीहरू कर र गैरकरको भार बोकेर हिँडिराख्न सकेनन्।

अन्तरराष्ट्रिय दूरसञ्चार सङ्गठन ( आइटियू)ले २०२३ मा प्रकाशन गरेको एक प्रतिवेदनअनुसार सन् २०२२ को अन्त्यमा विश्वभर मोबाइल सेवाको औषत घनत्व एक सय आठ प्रतिशत रहेको छ। यस्तै एसिया प्यासिफिक क्षेत्रमा मोबाइल सेवाको घनत्व ११०.६ प्रतिशत रहेको छ। तर नेपाल दूरसञ्चार प्राधिकरणको २०८० को प्रतिवेदनअनुसार नेपालमा मोबाइल सेवाको घनत्व ११६.६९ प्रतिशत रहेको छ। नेपालले विकसित मुलुकसरह दूरसञ्चारको विकासमा फड्को मार्न सक्नुको मूल श्रेय मोबाइल सेवा प्रदायक दुई कम्पनी नेपाल टेलिकम र एनसेललाई जान्छ। दुई कम्पनीकै कारण सात प्रदेश, ७७ जिल्ला र सात सय ४३ स्थानीय निकायमा टु/थ्री/फोरजी मोबाइल सेवा पुगिसकेको छ।

हालै नेपाल टेलिकमले काठमाडौं, वीरगञ्ज र पोखरा तीन ठूला सहरमा फाइभ जीको सफल परीक्षण गरिसकेको छ। फाइभ जीको व्यावसायिक अनुमति पाउनेबितिकै सेवा सुरुआत गर्न तयारी अवस्थामा रहेको छ। २०७५/७६ देखि २०७९/८० सम्मको तथ्याङ्क हेर्दा मोबाइल सेवा प्रयोगकर्ताको सङ्ख्या बढेर दुई करोड ८७ लाख ४२ हजार एक सय एक पुगेको देखिन्छ। यसरी हेर्दा सम्पूर्ण नागरिकको पहुँच मोबाइल सेवामा सहज रहेको देखिन्छ।

भौगोलिक दृष्टिले हेर्ने हो भने सात सय ५३ मध्ये केवल १० स्थानीय निकायमा मात्र सेवा पुर्याउन बाँकी देखिन्छ। यस्तो अवस्थामा थप मोबाइल सेवाप्रदायकले कुन क्षेत्र, भूगोल र कहाँ सेवा पुर्याउन नयाँ अनुमतिपत्र लिने रु नयाँ आउने अपरेटरले कसलाई सेवा दिएर आफूलाई व्यवसायमा निरन्तरता दिने ? होइन भने हाल सेवा दिइरहेका मोबाइल सेवा प्रदायककै ग्राहक खोस्नुको विकल्प छैन। खोस्न सफलै भएमा पनि राज्य र नागरिकले यसबाट प्राप्त गर्ने थप लाभ के हो ? अन्यथा नयाँ प्रवेश पाउने हुन वा वर्तमान समयमा काम गरिरहेका सेवा प्रदायक सबैमा सङ्कट नआउला भन्न सकिँदैन।

विगतमा समेत लाइसेन्स पाएर पनि बजारमा टिक्न नसकी खारेजीमा परेका मोबाइल सेवा प्रदायकहरूको अवस्था हेर्दा नयाँले पनि पर्याप्त बजार नपाउने र पुरानाको पनि केही हिस्सा बजार खोसिँदा मोबाइल सेवा बजार गिजोलिएर विकास र विस्तारमा सुस्तता आउन सक्ने सम्भावना रहन्छ। यसैले यस्तो अवस्थालाई कसरी डुओपोली भन्न सकिएला रु जहाँ आम्दानी घट्दै गएको तर ग्राहक सङ्ख्या बढ्दै गएको देख्न सकिन्छ। यसले दुईवटा कुरालाई सङ्केत गरेको छ। दूरसञ्चार क्षेत्रमा प्रविधिको परिवर्तन भइरहने हुँदा ग्राहक सन्तुष्टि र इच्छा पूर्तिको लागि मर्मतसम्भार र सञ्चालन खर्च क्रमशः वृद्धि हुँदै जाँदा लागत बढ्दै गएको देखिन्छ। अझ रोचक कुरा त बजार हिस्सा र ग्राहक सङ्ख्या बढ्ने तर आय र मुनाफा भने उच्च प्रतिस्पर्धाका कारण खुम्चदै गएको देखिन्छ। यस्तो अवस्थालाई समेत सार्वजनिक खपतका लागि मात्रै मोबाइल सेवा क्षेत्रमा डुओपोली भयो भनेर बोल्नेहरूले कति अध्ययन र विश्लेषणको आधारमा बोलिरहेका छन् समिक्षा गर्नु पर्ने देखिन्छ।

नेपाल टेलिकममा ९१.५३ प्रतिशत राज्यको लगानी छ। सञ्चालक समितिमा सात जनामध्ये पाँच जना नेपाल सरकारको कर्मचारीले नेतृत्व गर्छन्। यसको प्रबन्ध निर्देशक राज्यले नियुक्ति गर्छ। यी सबै प्रतिनिधिहरूमार्फत नीति तय गरिन्छ। फेरि पनि हामी भनिरहेका छौ, डुओपोली भयो। यो त राज्य र राज्यका निकायहरूले आफू र आफ्नै निकायलाई अविश्वास गरे जस्तो भएन र रु नेपाल टेलिकमलाई राज्यको दूरसञ्चार नीति कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी रहेको छ। यसले तोक्ने महशुल दर ग्राहकमैत्री हुँदै आएको छ। यसको कारण निजी सेवा प्रदायकले समेत महशुल घटाउन बाध्य भएका छन्।

आम उपभोक्ताले सस्तो मूल्यमा गुणस्तरीय मोबाइल सेवा उपभोग गर्ने अवसर पाएका छन्। अझ निजी र सरकारी मोबाइल सेवा प्रदायकले आफ्नो सेवा दस्तुर आफैँले निर्धारण गरी लागु गर्न सक्दैनन्। बरु दूरसञ्चार प्राधिकरणलाई प्रस्ताव गरी स्वीकृतिपछि मात्रै कार्यान्वयन गर्न सक्छन्। यसले गर्दा बजार र सेवा शुल्कहरूमा डुओपोली हुने सम्भावना अत्यन्त न्यून देखिन्छ। यदि दुवै निजी कम्पनी भएको भए डुओपोली भयो भन्ने तर्क स्वभाविक हुन सक्थ्यो। नेपाल टेलिकम सरकारी कम्पनी भएकोले बरु मोबाइल सेवा बजारमा हुन सक्ने डुओपोलीलाई रोक्न प्रभावकारी भूमिका निर्वाह गरेको देखिन्छ। जहाँ राज्यको लगानी भएको कम्पनी छ, त्यस्तो क्षेत्रलाई डुओपोली भन्न मिल्छ रु त्यसो हो भने आयल निगम, विद्युत् प्राधिकरण र साल्ट ट्रेडिङ्गमार्फत हुने व्यापारलाई एकाधिकार (मनोपोली) भन्न मिल्ने कि नमिल्ने भन्ने प्रश्न यहाँ खडा हुन्छ रु ती क्षेत्रमा थप सेवा प्रदायक किन न भित्राउने ?

तसर्थ, राज्यले नागरिकको लागि खोलेका संस्थाहरू क्रियाशील रहेका क्षेत्रलाई डुओपोली र मनोपोलीको संज्ञा दिन मिल्दैन। बरु यस्ता तर्कहरू समाजावादको विपरीत दिशातिर अर्थतन्त्र र बजारलाई दौडाउने खेल हुन सक्छ। डुओपोलीको तर्क जनताको मनोभाव सकारात्मक बनाएर लाइसेन्स बेच्ने रकम उठाउने मात्रै हुनु हुँदैन। थप मोबाइल सेवा प्रदायक चल्न सक्ने बजार नेपालमा छ कि छैन ? आय घट्ने, लागत बढ्ने र मुनाफा खुम्चदै गएको तथ्याङ्कहरूले देखाइरहँदा तयारी र कारण बिना बजारमा प्रवेश पाउने मोबाइल सेवा प्रदायक फेरि टिक्न सकेन भने कुनै अनौठो घटना नमान्दा हुन्छ। यसले खारेजीमा पर्नेको सङ्ख्या चारबाट पाँच पुग्ने मात्र हो। तसर्थ तथ्यहरूलाई गहिरोसँग बुझेर निराकरण खोज्न आवश्यक छ।

नेपालजस्तो देशमा छवटा मोबाइल सेवाप्रदायक खाँचो थियो वा थिएन अध्ययन नगरी लाइसेन्स बाँड्ने काम भएको थियो। तोकिएको कर, गैरकर र नवीकरण दस्तुर वैज्ञानिक र व्यावहारिक हो होइन नहेरी लहड्मा बढी राजस्व उठाउने दाउमा लागू गरियो। यसले चार वटा कम्पनीको घाँटी निमोठी दियो। दूरसञ्चार क्षेत्रमा न त छ वटा मोबाइल लाइसेन्स बाड्नु अगाडि आवश्यक हो होइन अध्ययन हुन सक्यो, न त चार वटा मोबाइल सेवा प्रदायक डुबे पछि किन र के कारणले यस्तो अवस्था सृजना भयो भनेर समीक्षा नै हुनसकेको छ। फेरि खारेज भएका कम्पनीहरूलाई व्यावसायिक दक्षता र प्रभावकारिताको अभावले कम्पनी बन्द भएको कमजोरी देखाई पुनः थप मोबाइल सेवा सञ्चालन अनुमतिपत्र वितरण खुलाउनुपर्छ भन्ने बहस उठ्न थाल्नुले विभिन्न शङ्का उब्जाएको छ। अत्यधिक मात्रामा बढेको अनुमतिपत्र नवीकरण दस्तुरले सेवा प्रदायकबीच विभेद सिर्जना गरेको छ।

नेपाल टेलिकमले मोबाइल लाइसेन्स सुरुमा रु दुई करोडमा लगेको थियो। तर नवीकरण दस्तुर १००० गुणा बढी तिरी रहनुपरेको छ। स्वयं एनसेलले लाइसेन्स रु २१ करोडमा लिगेर ९५ गुणा बढी नवीकरण दस्तुर तिरिरहेको छ। केही ठूला निजी आइएसपीले रु तीन लाखमा लाइसेन्स लिएर ९० प्रतिशत रकम तिरेर लाइसेन्स नवीकरण गरिरहेका छन्। अन्य सबै सेवा प्रदायकले नवीकरण दस्तुर लाइसेन्स रकमको ९० प्रतिशत तिर्दा हुने तर मोबाइल सेवा प्रदायकले मात्रै किन करिब १० हजार प्रतिशत बढी तिर्नुपर्ने हुन्छ।

निजी आइएसपीले लाइसेन्स नवीकरण दस्तुरबापत रु दुई लाख ७० हजार तिर्दै गर्दा मोबाइल सेवाप्रदायकले उसको भन्दा ७४ हजार गुणा बढी तिर्नुपर्ने व्यवस्था छ। केही लाखको लाइसेन्स बोकेका आइएसपीहरू ग्राहकलाई निश्चित क्षेत्रभित्र इन्टरनेट सुविधान दिन पाउने नियमको विपरीत हटस्पटको नाममा चोक र बजामा फ्रि इन्टरनेट बाँड्दैछन्। यसले गर्दा राज्यको राजस्व गुम्ने स्थिति बनेको छ, जुन नाजायज छ। नियामकले यसलाई रोक्न आवश्यक छ। लाइसेन्समार्फत खडा भएको विभेदको अन्त्य गरिनुपर्छ। विद्यमान विभेदलाई यथावत राखेर थप मोबाइल सेवाप्रदायकको बहसले कार्यान्वयन पाउने अवस्था कसरी बन्न सक्ला ? नेपालमा ब्रोडव्याडको विकास नहुँदै दूरसञ्चार क्षेत्रमा बनेका कानुन र व्यवस्थाहरू सुधार गर्न आवश्यक छ। दूरसञ्चार क्षेत्रको मुख्य आम्दानीको स्रोत कुनै समय भ्वाइस सेवा थियो। हाल ब्रोडव्याण्ड आयको मुख्य स्रोत बन्न आइपुगेको छ। जुन समय भ्वाइस सेवा सञ्चालन गर्ने अनुमतिपत्र पाउन रु ३५ करोड दस्तुर तिर्नुपर्थ्यो र इन्टरनेट तथा इमेल सेवा सञ्चालन गर्न रु तीन लाखको लाइसेन्स लिनुपर्थ्यो। हालसम्म आइपुग्दा आम्दानीको मुख्य स्रोत र प्राथमिकता बदलिए पनि लाइसेन्स दस्तुर पुरानै नियममा चलिरहेको छ। त्यो समयमा बनेका नियमहरूले बदलिएको वर्तमान दूरसञ्चार क्षेत्रलाई अगाडि बढाउन सहज देखिँदैन, जुन न्यायोचित छैन।

त्यसलाई परिमार्जन गर्न आवश्यक छ। मोबाइल तथा अन्य सेवा सञ्चालन लाइसेन्स नवीकरण दस्तुर आम्दानीको आधारमा निश्चित प्रतिशत तोकिनु उपयुक्त देखिन्छ। अन्यथा दूरसञ्चार क्षेत्रमा भएकै मोबाइल सेवा प्रदायकहरूको आर्थिक सङ्कटको अवस्था देखिन थालिसकेको अवस्थामा थप सेवा प्रदायक भित्र्याउने संवाद बालुवामा पानी हालेसरह हुने देखिन्छ। अन्त्यमा दूरसञ्चार प्राधिकरणमा आउने हरेक नयाँ नेतृत्वले कुन क्षेत्र, नागरिक र के उद्देश्यको लागि थप मोबाइल सेवा प्रदायक भित्र्याउने भन्ने प्रश्नको ठोस जवाफ केहो खोजिनु पर्छ। कति जनसङ्ख्या, भूगोल र आम्दानी हुने बजारमा कति मोबाइल सेवा सञ्चालन गर्न सकिन्छ। यसरी थपिने थप सेवाप्रदायक भइरहेका मोबाइल सेवाप्रदायकले नसकेको कुन नयाँ प्रविधि भित्राउनको लागि हो। केवल दुईको ठाउँमा तीन देखाउनको लागि मात्रै होइन। यस्ता प्रश्नको जवाफ खोज्न आवश्यक छ।

यसबाट देश र नागरिकले पाउने थप लाभ के हो भन्न सक्नु पर्दछ। अन्यथा यति धेरै जोखिम, खुम्चदो आय र मुनाफा, बजार स्याचुरेसन, उच्च प्रतिस्पर्धा, महङ्गो लाइसेन्स नवीकरण दस्तुर र निजी आइएसपीहरूको फ्रि हटस्पट जस्ता समस्या यथावत कायम राखेर नयाँ मोबाइल सेवा सञ्चालन अनुमतिपत्रको लागि आवेदन माग गरिएमा आवेदन पर्ने विषय शङ्कास्पद छ। लाइसेन्स पाएकाहरू विगतमा बजारबाट पलायन भएको देख्दादेख्दै कोही सहभागी भएछन् भने बजारमा टिकिरहन चुनौतीपूर्ण हुने निश्चित छ। नयाँ आएकाले पुरानाको बजार हिस्सा खोसेर टिक्न सकेछन् भने पनि पुराना टिकी रहलान् वा नरहलान् यसै भन्न सक्ने अवस्था छैन।

# Biosphere Failure

**P. Pilgrim**

In the early 1990 a new scientific research facility was located in Arizona, U.S. It was designed to emulate Earth's environment but in outer space and to demonstrate the viability of closed ecological systems to support and maintain human life in space colonization. It was a substantial construction divided into three zones, an aboveground airtight glass-enclosed area, a belowground technology area, and an area designated as human habitat. The main aboveground structure was made of nearly 204,000 cubic metres of sealed glass supported by steel frames and was 27.7 metres at its highest point. The main portion of the glass structure contained five ecosystems: coastal fog desert and tropical rainforest, and savanna grassland, mangrove wetland, and ocean complete with coral reef. However, they were not able to simulate one weather condition, wind. Was wind necessary for the success of the simulation. The belowground Technosphere supported the 1.27-hectare facility and contained the technology that ran and maintained the biosphere environment. Air was circulated to the air handlers from the Energy Centre, a building external to the glass-enclosed area. The Energy Centre also provided hot and cold water for temperature regulation and housed generators that served as an additional power source for Biosphere 2. In addition to the several biomes and living quarters for people, there was an agricultural area and workspace to study the interactions between humans, farming, technology and the rest of nature as a new kind of laboratory for the study of the global ecology. The mission began on September 26, 1991, when four men and four women, were sealed inside the glass biome. Everything that the crew and animals needed to live was supplied.

Yet it was a miserable and expensive failure some went as far as to call it "New Age drivel masquerading as science". Almost from the very beginning it was plagued with numerous problems. Of these, a mysterious loss of oxygen and widespread extinction were the most notable. Over the months there was a constant and puzzling decline in the oxygen levels. They dropped to such a level that oxygen had to be pumped into the domes to allow them to finish the 2 year experiment. The carefully chosen variety of plant, animal, and insect species had been included. Although of the 25 small vertebrates with which the project began, only 6 survived to the mission's end. Almost all of the insect species went extinct. However, some species thrived in this man-made environment. Crazy ants, cockroaches, and katydids ran rampant, while certain vines (like morning glories) threatened to choke out every other kind of plant. However, over time the effects of the windless environment became apparent. A number of acacia trees bent over and even snapped. Without the stress of wind to strengthen the wood, the trunks grew weak and could not hold up their own weight. Everything in creation has a specific function, right down to the wind. Biosphere II could not sustain a balanced ecosystem, and therefore failed. This was because the scientists didn't understand the complexity of the world God created for them to live in. Many times people think they know more than God only to fail miserably. In the days of Job, God asked Job 'Where wast thou when I laid the foundations of the earth? declare, if thou hast understanding.' Job chapter 38 verse 4. God is saying, Job you were not there when I made the earth, you do not know what it needs. Just like these scientists, they thought they knew more than God. Let's not worry about wind it isn't really necessary. However, the experiment failed, and they realised that they needed the wind. They needed the stress from the wind to build up the strength in the tree. Every Christian can testify to that need of stress in their lives, to build up and strengthen their faith and trust in God. The wind stress, trials and problems, builds character for people who learn to survive the test that life gives them and learn from it.

pilgrimway101@yahoo.com

निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्। विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरुका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरु तान्ने कार्यहरुमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।

'तपाईहरुको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

प्रविधि कन्स्ट्रक्सन प्रा.लि.

कृष्ण नगरकोटी
काठमाडौं - ११, काठमाडौं
सम्पर्क नं. ९८४१७२५६६२

# नेपालमा महाकुम्भ मेला

**पिएमणी भट्टराई/चतरा धाम**



प्राचीन हरिद्वार चतराधाममा १२ बर्षे पिण्डेश्वर महा कुम्भमेला मंगलबारदेखि शुरुभएको छ। चतरा धामस्थित बराहक्षेत्र न.पा.को वडा नं.१ मा कुम्भमेलाको सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गरेका थिए।

उक्त समारोहमा राष्ट्रपति पौडेलले विभिन्न जातजाती, धर्म भाषाको संरक्षण तथा धार्मिक पर्यटन समेतको यो कुम्भ मेलाले महत्व राख्ने विचार व्यक्त गरे। कुम्भमेला नेपालकै गौरभ हुँदा अन्तर्राष्ट्रियस्तरमा समेत नेपालको पहिचान स्थापित हुने उनले धारणा राखे। समारोहमा कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की लगायत प्रदेशका मन्त्रीहरु तथा उच्च प्रशासकहरुको समेत सहभागिता रहेको थियो।

एक महिनासम्म चल्ने महाकुम्भ धार्मिक मेलामा एक करोडभन्दा बढी भक्तजनहरु सहभागी हुने बराहक्षेत्र नगरपालिकाका प्रमुख रमेश कार्कीले जनाएका छन्। यसअघि सोमबार कलशयात्रामा हजारौंको सहभागिता रहेको थियो। जलको घडासहितको कलश यात्रा इटहरी, धरान, विराटचौक, विराटनगर हुँदै चतराधामसम्मको थियो।

महाकुम्भमेला भव्य र सभ्य बनाउन नेपाल सरकारले प्रधानमन्त्री कार्यालयका सचिव अर्जुनप्रसाद पोखरेलाई सम्पर्क व्यक्ति तोकेको छ। जगत गुरु बालसन्त मोहनशरण देवाचार्यको अध्यक्षतामा मूल समारोह समिति गठन गरिएको जनाइएको छ।

सो समितिलाई सहयोग गर्ने उद्देश्यले अन्य उपसमितिहरु समेत गठन गरिएको छ। जगतगुरु बालसन्त मोहनशरणले नेपालमा कुम्भमेलाको धार्मिक व्याख्या खोज अनुसन्धान गरी २०५९ सालमा पहिलो पटक आयोजना गराएका थिए।

यो कुम्भ मेला भने तेश्रो पटकको हो। व्यापक प्रचार प्रसार भएकाले यस पटक कुम्भ स्नानकालागि भारत लगायत विभिन्न देशबाट हिन्दू धर्मावलम्बीहरुको सहभागिता रहने विश्वास गरिएको छ।

पूर्ण महाकुम्भमा स्नान गरेपछि अक्ष प्राप्त हुने जगत्गुरु बालसन्त बताउँछन्।महाकुम्भलाई सफल पार्न संघीय सरकार र कोशी प्रदेश सरकार पूर्ण रुपमा लागेको बताइन्छ। भक्तजनहरुको लागि निःशुल्क स्वास्थ्य, भोजन, खानेपानी, यातायात, सुरक्षा, आवास सबैको प्रबन्ध मिलाइको नगरप्रमुख रमेश कार्कीले जानकारी दिएका छन्।

## कांग्रेसपथमै ...

हाम फालेका व्यक्ति हुन् ।

व्यक्तिगत रुपमा गृहमन्त्री लामिछानेलाई समर्थन गर्दै आइरहेको राष्ट्रिय प्रजातन्त्र पार्टी पनि चैत २७ गतेको जनप्रदर्शनमा प्रहरीले लाठीचार्ज गरेपछि विरोधमा उत्रिएको छ । गृहमन्त्रीको ठाडो निर्देशनपछि डिएसपीले राप्रपाका सांसदलाई लाठीचार्ज गरी मर्माहत बनाएका थिए । नैतिकता, नीति र सिद्धान्त तथा छेउटुप्पो नै नभएको पार्टी रास्वपाका सभापति एवम् गृहमन्त्री लामिछानेले राजीनामा नै गर्नु पर्ने ठहर राप्रपाले पनि गरेको छ । गठबन्धनमा आबद्ध दल एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा लगायतका दलले पनि राजीनामाको माग गरेपछि संसद मुठभेठतर्फ जाने अवस्था सिर्जना भएको छ ।

विस्तारै गैरवामहरु एकजुट हुन थालेपछि प्रधानमन्त्री दाहाल सत्ता जाने डरले छटपटिन थालेको राजनीतिक वृत्तमा चर्चा चलेको छ । यता काँग्रेस र एमाले मिलेर सरकार गठन गरी मुलुकलाई निकास दिनुपर्ने बहस शुरु भएपछि दाहालको निद हराम भएको छ ।

## सडकमा ...

नटेर्दा सडकको अवस्था दयनीय बन्न पुगेको छ ।

नारायणगढ-बुटवल सडक पश्चिम खण्डको दाउन्ने सडक र मुग्लिङ्ग-पोखरा सडक अन्तर्गतको पश्चिम खण्डमा असक्षम योजना प्रमुखहरुको कारण निर्माण कार्यले गति लिन नसकेको चर्चा चलेको छ । यी सडकहरुलाई समयमै सम्पन्न गर्नका लागि तात्कालिन सचिव केशवकुमार शर्माले हुलाकी सडकबाट तीन महिनामै सुई चुडाराज ढकाललाई आयोजना निर्देशनालय एडीबीमा सरुवा गरेका थिए । सुई ढकाल शर्माका विश्वासपात्र रहेको समासचार स्रोतले बताएको छ । यसैबीच मन्त्रालयमा सचिव परिवर्तन भएसँगै सुईहरुको पनि सरुवा हुने चर्चाले कमाउ अड्डामा बसेकाहरुको मुटुमा ढ्याँग्रो ठोकेको बताइएको छ ।

मन्त्री महासेठले केही सुईहरुलाई चलाउने तयारी गरिरहँदा मन्त्रीपत्नी जुली महतोले व्यापक सरुवा गर्न आफ्नो मण्डल थरका पिएलाई मन्त्रालय र सडक विभागमा खटाएको खबर प्राप्त भएको छ । सरुवा भए केहीको मात्र हुने अन्यथा आगामी श्रावण भाद्रमा डिजीसहित हुने श्रोतले जानकारी गराएको छ ।

मन्त्री महासेठले बिभागका योजना महाशाखा सुई रामहरि पोखेललाई नपत्याएपछि डा. विजय जैसीको महानिर्देशकमा चिठ्ठा पर्ने जानकारहरुले बताएका छन् ।

## ढुंगाना ...

सचिव शंकरप्रसाद अधिकारी, पूर्वसचिव एवं सञ्चालक समितिका सदस्य शिशिरकुमार ढुंगाना र तात्कालिन महाप्रबन्धक सुगतरत्न कंसाकारसहितलाई एक अर्ब ४७ करोड रुपियाँको माग दाबी गरिएको छ ।

यीमध्ये कंसाकार हवाईमाफियाहरुसँग घनिष्ठ सम्बन्ध रहेकाले पटक पटक नेपाल वायुसेवा निगमको कार्यकारी अध्यक्ष बन्न प्रयास गरे पनि सफल हुन नसकेर थन्किएर बसेका छन् । वाइडबडीका आरोपितमध्ये सञ्चालक समितिका सातजना पदाधिकारी र १४ जना निगमका कर्मचारी छन् । जसमध्ये बुद्धिसागर लामिछाने निकट भविष्यमै सचिव पदमा बढुवा हुने पर्यटन मन्त्रालयका सहसचिव हुन् ।

तात्कालिन मन्त्री शाहीलाई मूल्य बढाउने अनि विमानको भारवहन क्षमता घटाउने तात्कालिन महाप्रबन्धक कंसाकारलाई कागजात तयार गर्दादेखि नै बदनियत राखेको आरोप लगाइएको छ । यसैगरी लागत बजेटलाई अस्वाभाविक रुपमा बढाएको, सचिव अधिकारीलाई भारवहन क्षमता २४२ वाट घटाई २३० बनाएको र पूर्वसचिव ढुंगाना लगायतका सञ्चालकलाई विनियमावली संशोधन नगराई विमान खरिद प्रकृया अघि बढाएको आरोप अख्तियारले लगाएको छ ।

यता, नेवानिका कार्यकारी अध्यक्ष युवराज अधिकारीको मुद्दा पाँच महिनापछि धकेलिएको श्रोतले बताएको छ । ऋणले थला परेको निगमको जहाज खरिदमा संलग्नहरुलाई कडा सजाय दिनुपर्ने चर्चा चलेको छ ।

## गण्डकीका...

निवर्तमान प्रदेशमन्त्री तिवारीका श्रीमान् मणि तिवारीले खोजखन्तर गरेर जुटाएको एक करोड रुपियाँमध्ये पूर्वमुख्यमन्त्री कृष्णचन्द्र नेपालीको पालामा स्याङ्जाबाट मन्त्री बनेका मेखलाल श्रेष्ठले चप्काएको आरोप लागेको छ । आरजु राणाको निकट मानिने सांसद तिवारी काँग्रेसको देउवा गुट निकट मानिन्छन् । मन्त्री हुँदा तिवारीले स्याङ्जालाई भन्दा अन्य जिल्लालाई महत्व दिएको समाचार श्रोतले बताएको छ ।

यसैबीच गण्डकीका मुख्यमन्त्री अधिकारीलाई दिर्घकालीन असर गर्ने कुनै काम नगर्न सर्बोच्च अदालतले आदेश दिएपछि मुख्यमन्त्री अधिकारी झण्डा हल्लाउनमा मात्र सिमीत बनेका छन् ।

## को को ...

शाहले पनि आफ्नो उम्मेदवारीलाई कायमै राखेका छन् ।

यस्तै, स्वतन्त्र उम्मेदवारी दिएका डाकप्रसाद गौतम, दीपेश बोहोरा, डकेन्द्रसिं लिम्बु (थेगिम), अर्जुनबहादुर शाही, मनोज निरौला, योगेन्द्र गुरुङ, राज बस्यालको नाम पनि अन्तिम नामावलीमा उल्लेख छ ।

उता, बझाङ प्रदेशसभा १ मा सत्ता गठबन्धनका चार दलले उम्मेदवारी फिर्ता नलिएपछि नेपाली कांग्रेसका उम्मेदवार खुशी देखिएका छन् ।कांग्रेसले अभिषेक सिंहलाई उम्मेदवार बनाएको छ । माओवादीबाट बुढा, एमालेबाट दमनबहादुर भण्डारी, एकीकृत समाजवादीबाट दिलबहादुर सिंह र जसपाबाट रामबहादुर जाग्रीले उम्मेदवारी दर्ता गराएका थिए । उनीहरुलाई चुनाव चिन्ह पनि वितरण गरिसकिएको बताइएको छ ।

## सरकारमाथि ...

? श्रममन्त्री सरकार बोल्या हो, व्यक्ति होइन ।

मन्त्री त सरकारको कामप्रति निर्धक्क छैनन् भने जनता कसरी ढुक्क हुने ? उनले भनाइले त सरकारले बचतकर्तालाई अल्मलाउने काम मात्रै गरेको छ भन्ने देखिन्छ । सरकारले सहकारी सञ्चालकलाई कारबाही गर्न सक्दैन र बचतकर्ताको पैसा पनि फिर्ता भन्ने कुरा उनको भनाइले घामजस्तै छर्लङ्ग पारेको छ ।

रास्वपाका धेरै पदाधिकारीको नाम अहिले सहकारी काण्डमा जोडिएको छ । यता, गृहमन्त्री लामिछानेको पार्टनर भनिएका जी.बी. राई पनि लामो समयदेखि फरार छन् । लामिछाने आएपछि उनी पक्राउ पर्छन् भनी धेरै आशा गरिएको थियो । बचतकर्ताको आशा निराशामा परिणत भएको छ ।

अहिले त सहकारी सञ्चालकहरुलाई पक्राउ गर्नै छाडिएको छ । एकपछि अर्को गर्दै सहकारी सञ्चालक फरार भइरहेका छन् तर सरकारलाई मतलब छैन । श्रममन्त्री अर्यालको भनाइ र गृहमन्त्री लामिछानेको गराई ठ्याक्कै मिलेको छ । बचतकर्ताको बिल्लीबाठ बनाएर भाग्ने सहकारी सञ्चालकलाई त धमाधम कारबाही गर्नु भनेर गृहमन्त्रीले प्रहरी प्रशासनलाई निर्देशन दिनुपर्ने थियो ।

यो विषय अहिले सामसुम पार्न खोजिएको छ । सहकारी बचतकर्ताले आफ्नो बचतका लागि कतिसम्म सास्ती खेपे ? सरकारले नजरअन्दाज गरेको होला, तर समग्र जनताले देखेका छन् । घामपानी, रातदिन नभनिकन उनीहरु ६२ दिन माइतीघरको चिसो भुइँमा अनशन बसे । सरकारले उनीहरुको आन्दोलन तुहाउनका लागि हतारोमा सात बुँदे सहमति गर्‍यो । त्यो कार्यान्वयन नभएपछि सहकारी पीडितहरु पुनः सडकमा आए । फेरि हतारोमा सम्झौता गरियो । त्यो सम्झौता त बचतकर्तालाई अल्मलाउने एउटा कागजको टुक्रो हो भन्ने पोल मन्त्रीले खोलिदिएका छन् ।

विगत दुई वर्षदेखि बचतकर्ताले आफ्नो पैसाका लागि हण्डरठक्कर खाइरहेका छन् । आफ्नै पैसाका लागि बचतकर्ता लडिरहेका छन् । दिनदिनै सहकारी विभाग धाउने, रित्तो हात फर्किने काम भइरहेको छ । बचतकर्ताहरुको पीडा सुनिसक्नु छैन । कोठाभाडा तिर्ने पैसा नभएकोसम्म पीडितहरु बताउँछन् ।

पीडितहरु आफ्नो पैसाका लागि लडिरहेका छन्, सरकार सुतेर बसेको छ । त्यसैले पनि मन्त्रीलाई सरकार माथिबाट विश्वास उठेको होला ? दुई वर्षदेखि बचतकर्ता संघर्षमा छन् त पैसा पाएका छैनन्, सरकारले मेरो के फिर्ता गराउन सक्ला भनेर उनले त्यस्तो अभिव्यक्ति दिएका होलान ।

सहकारीमन्त्री बलराम अधिकारी र विभागका महानिर्देशक पीताम्बर घिमिरेले बचतकर्तामा भ्रम छर्ने काम मात्र गरिरहेका छन् । पैसा आउँछ, निर्धक्क बस्नुस् भन्ने अनि सहमति गरिरहने । बचतकर्ताले आन्दोलन गर्‍यो कि मन्त्रालयमा बोलाउने, वार्ता गर्ने, कामचाहिँ केही नगर्ने ।

न सहकारी सञ्चालकलाई कारबाही गर्न चासो दिन्छन् न पैसा फिर्ता गराउन । एकाध होइन, सहकारीबाट करोडौंको संख्यामा पीडित भएका छन् । मन्त्रीले त आफ्नो व्यक्तिगत पीडा सुनाए, यो पीडा करोडौंको हो । मन्त्री जस्तोलाई त आफ्नो पैसा उठाउन दुःख भएको रहेछ भने हाम्रो पैसा कसरी उठ्ला भन्ने बचतकर्ताले बुझे ।

प्रधानमन्त्री पुष्पकमल दाहालले म सहकारी सञ्चालकलाई कारबाही गर्छु, बचतकर्ताको पैसा फिर्ता गराउँछु भनेर अब नबोलेपनि बेश होला । अब जनताले पत्याउँदैनन् । दुई वर्षदेखि बचतकर्ता सरकारको काम हेरिरहेका छन् । सरकारले बचतकर्तालाई अल्मलाउने र सहकारी सञ्चालकलाई भगाउने काम मात्रै गर्‍यो ।

दुई वर्षअघि सहकारीमा समस्या देखिएको थियो, तर सञ्चालक भागिसकेका थिएनन् । सरकारले त्यतिबेलै नियमन गरेको भए आज करोडौं बचतकर्ता डुब्दैनथे । बचतकर्तालाई 'घर न घाट' को बनाउनुमा सरकारको पनि उति नै हात छ । सडकमा डोकोमा साग बेच्नेदेखि व्यापारीसम्मले पैसा सहकारीमा राखे ।

पुख्र्यौली सम्पत्ति बेचेरसमेत सहकारीमा पैसा राखिएको छ । एउटै व्यक्तिको पाँच हजारदेखि १५ करोड रुपियाँसम्म सहकारीले पचाइदिएको छ । सहकारीकै कारण कतिपयको पारिवारिक जीवनमा विखण्डन आयो । सम्बन्धविच्छेदसम्म भयो । कतिपयलाई सहकारीले मानसिक रोगी बनायो ।

सहकारीकै कारण ज्यान गुमाउनेसम्म छन् । यस्तो डरलाग्दो अवस्था निम्तिदाँसमेत सरकार आँखा चिम्लेर बस्छ भने जनताले के भन्ने ? यसलाई वर्णन गर्न कुनै शब्द नै छैन । बाठाटाठाले गुण्डा, अभियन्ता, राजनीतिक दलका नेता लगेर आफ्नो पैसा उठाए । आधा आफूलाई, आधा उठाउनेलाई दिए ।

जो सीधासाधी थिए, उनीहरु चुर्लुम्मै डुबे । सहकारीको आफ्नै भवन छ भन्नेहरु अहिले सडकमै आइपुगेका छन् । अधिकांश भागिसकेका छन्, केही खुलेकाले भने बजारबाट पैसा उठाइरहेका छन् । ब्याजको प्रलोभन देखाएर सहकारीले पैसा उठाएका छन् । यत्रो समस्या निम्तिदाँसमेत सरकारले जनतालाई सचेत गराएको छैन ।

अब सहकारीमा पैसा नराख्नु भनेर सरकारले सार्वजनिक सूचना जारी गर्नुपर्ने हो । सरकार कतिसम्म गैरजिम्मेवार छ भन्ने यहीँबाट स्पष्ट हुन्छ । बिहानबेलुका खाने पैसा छैन, बच्चाको फिस तिर्न सकेको छैन, कोठाभाडा तिर्ने पैसा छैन । यो त सामान्य कुरा होइन यद्यपि सरकारले यसलाई हलुका रुपमा लिएको छ ।

प्रधानमन्त्रीले कि धमाधम सहकारी सञ्चालकलाई कारबाही गर्नुपर्‍यो कि सहकारीको दर्ता खारेज गर्नुपर्‍यो । होइन भने हामी सक्दैनौं भनेर हात उठाउनुपर्‍यो । अल्मलाउने, घुमाउने काम गर्नुभएन । मन्त्रीलाई त त्यस्तो पीडा भएको रहेछ भने सर्वसाधारणलाई कति पीडा भएको होला ?

गृहमन्त्री आफैंलाई सहकारी ठगीको आरोप लागेको छ, उनले के गर्लान् ? प्रधानमन्त्रीले गृहमन्त्रीले काम गर्छन् भनेर विश्वास नगरेपनि हुन्छ । सहकारीमन्त्रीले पनि टुलुटुलु रमिता हेर्ने होइन् । पैसा नदिनेलाई समस्याग्रस्त घोषणा गर्ने र सहकारी सञ्चालकलाई कारबाही गर्न सीआईबीलाई पत्राचार गर्ने काम सरकारबाट भयो भने बचतकर्तामा अलिकति भएपनि आशा पलाउँछ । बचतकर्तालाई अहिले 'न समाउने हाँगा न टेक्ने खुड्किलो' भएको छ ।

## सत्ता ...

केन्द्र), नेकपा (एमाले) ले सत्ताको दुरुपयोग गर्दै दलहरुको समर्थन पुगेको भनी खगराज अधिकारीलाई मुख्यमन्त्री बनाई पाऊँ भनी निवेदन गरेका थिए ।

उता, निवेदन त्यस्तो आए पनि वास्तविक अवस्था तथा सर्वोच्च अदालतको नजिर कानून समान हुन्छ भन्ने सामान्य मान्यता विपरित गएर प्रदेश प्रमुखले त्यसमा सहमति जनाई उनलाई मुख्यमन्त्रीमा नियुक्त गरेका छन् । त्यसरी पठाइएको पत्रमा माओवादी केन्द्रका तर्फबाट भनी हालका सभामुखको नाम समेत सामेल गरिएको अवस्था छ । यसैगरी माओवादी केन्द्रको निर्वाचन चिन्हबानट निर्वाचित भए पनि बाबुराम भट्टराईको दल नेपाल समाजवादी पार्टीका सांसद फणिन्द्र देवकोटालाई पनि माओवादी केन्द्रकै सांसदको हैसियतमा देखाइएको छ । सांसद देवकोटाले आफूलाई माओवादी केन्द्रको सांसदका रुपमा नराख्न भनी निवेदन दिइसकेको अवस्थामा समेत उनलाई समेत विवादमा पार्ने कार्य गरिएको छ ।

यो विषय विवादित बन्न पुगेको छ । निवर्तमान मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेका तर्फबाट सर्वोच्च अदालतमा बुधबार रिट निवेदन दायर गरिएको छ । उक्त रिट निवेदनलाई अग्राधिकार दिंदै आगामी बैशाख १० गते फैसला हुने संभावना रहेको बताइएको छ ।

उता, कोशी प्रदेशमा समेत सत्तारुढ दलहरुले बलमिच्याइँ गर्न थालेको पाइएको छ । सांसदहरुको समर्थनमा मुख्यमन्त्रीमा निर्वाचित भएका केदार कार्कीलाई हटाउनका लागि एमाले र माओवादी केन्द्र लागि परेका छन् । संविधानले स्पष्ट रुपमा त्यसरी निर्वाचित भएका मुख्यमन्त्रीका विरुद्धमा दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाइने तथा विश्वासको मत पाइसकेको मुख्यमन्त्रीले पटक पटक विश्वासको मत लिनु नपर्ने भन्ने कुरा सर्वोच्च अदालतले फैसलामा व्याख्या गरिसकेको छ ।

यस्तो स्थितिमा कार्कीको सरकार कम्तीमा दुई वर्ष निर्वाध रुपमा चल्ने अवस्थामा समेत चुनौती दिने गरी माओवादी केन्द्र र एमालेका सांसदहरुले आफ्नो समर्थन नरहेको तथा एमालेका हिक्मत कार्कीलाई मुख्यमन्त्री नियुक्ति गरी पाऊँ भनी आवेदन गरेका छन् । त्यस प्रदेशका प्रमुखले पनि उनीहरुको निवेदन लिने तथा उनीहरुको माग अनुसार विशेष अधिवेशन बोलाएका छन् ।

यसरी संविधानप्रदत्त अधिकारमाथि पनि सत्ताको आडमा पटक-पटक प्रहार गर्ने कार्य भैरहेको धारणा राजनीतिक विश्लेषक रामेश्वर ढकाल राख्दछन् । केन्द्रको सरकारका कारण प्रदेश सरकारको औचित्य नै समाप्त पार्ने कार्य भैरहेको ढकालको बुझाइ छ । उनी भन्छन्, 'यस्तै रबैया संघीय सरकारले देखाउँदै गयो भने प्रदेश सरकार संघको पुच्छर मात्र हो । यसको कुनै हैसियत छैन भन्ने कुरा स्थापित हुँदै जान्छ । कालान्तरमा त्यो प्रदेश सरकारलाई अफापसिद्ध अवस्थामा पुऱ्याउने अश्त्रको रुपमा रहन जाने देखिन्छ ।'

संघीय सरकारको यस्तो गतिविधिलाई साथ दिंदै आएको एमालेका अध्यक्ष खड्गप्रसाद शर्मा भने व्यक्तिगत रुपमा प्रधानमन्त्री दाहालका हर्कतबाट खुशी नभएको बताइन्छ । ३२ सिट भएको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले दुई ठूला दल नेपाली कांग्रेस र नेकपा (एमाले) लाई खेलाउने कार्य गरी आफू प्रधानमन्त्रीमा अकण्टक रुपमा रहने खेल खेलिरहेको बुझाइमा ओली समेत रहेको बताइन्छ ।

दाहालका कारण मुलुकले गति लिन नसक्ने भनी ओली पनि स्पष्ट भैसकेका छन् । यसैगरी कांग्रेस पनि दाहालले मुसो खेलाए झैं खेलाउने कर्म गरिरहेको भनी दिक्क भैसकेको अवस्थामा छ । त्यसैले कांग्रेसले पनि माओवादी केन्द्रका अध्यक्ष एवम् प्रधानमन्त्री दाहालको विकल्प मुलुकले खोजिरहेको भनी बरु प्रतिस्पर्धी दल एमालेसँग सहकार्य गरी बाँकी कार्यकाल स्थायी सरकार दिने पक्षमा लाग्नु उचित हुने बुझाइमा पुगेको चर्चा छ ।

यसका लागि खासगरी शेखर कोइराला, गगनकुमार थापा बढी सक्रिय रहेको बताइएको छ । उनीहरुले ओलीसँग संवाद गरिरहेको तथा कुनै पनि दिन आफूहरु निचोडमा पुग्ने विश्वासका साथ कार्य गरिरहेको भनी कांग्रेस सभापति शेरबहादुर देउवालाई विश्वासमा पारिरहेको बताइएको छ । कांग्रेस-एमाले निकटको समाचार स्रोतका अनुसार चाँडै नै ती दल सहकार्यमा पुग्ने छन् ।

हार्दिक शुभकामना

नव वर्ष २०८१

को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Bhandari Shopping Centre

Shrijana Chowk Pokhara

Ph. 9806325779

Considering studying or working aboard?

Come to **Joy International Language Institute**

for all levels of

English and Spanish Language Classes

including **IELTS, PTE, TOEFL**

*Improve your conversation skills speaking with a native speaker.*

Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)

Contact the Office :

974 597 9010

joylanguageinstitute@gmail.com




टेलिभिजन/वासिङ मेसिन चाहिएमा

नेपाली बजारमा आफ्नै नेपाली पहिचान

टेलिभिजनको दुनियाँमा नेपाली अभियान

- नेपाली ग्राहकको चाहना हामी उचित मूल्यमा पूरा गर्दछौं ।

काठमाडौं उपत्यका तथा वीरगञ्जमा जहाँ चाहियो त्यहीँ

Abhiyan

अभियान डिजिटल वर्ल्ड प्रा.लि.

काठमाडौं

विष्णु काफ्ले (९८५१११७५७२)

# काठमाडौं कलिङ महोत्सव हुने




काठमाडौं/आगामी भाद्र २२ गतेदेखि काठमाडौँमा तेस्रो काठमाडौं कलिङ साहित्य महोत्सव हुने भएको छायशस्वी प्रज्ञा प्रतिष्ठान नेपाल र कलिङ साहित्य महोत्सवको आयोजनामा २०८१ सालको भाद्र २२ र २३ गते उक्त महोत्सव हुन लागेको महोत्सवका संस्थापक, निर्देशक तथा क्युरेटर रञ्जना निरौलाले जानकारी दिएकी छिन्।

महोत्सवको केन्द्रीय विषय 'नेपाल-एशियाली कला, संस्कृति र साहित्यको प्रवेशद्वार' हुनेछावार्षिक कलिङ साहित्य महोत्सव भारतको विश्व अग्रणी साहित्य महोत्सवहरूमध्ये एक रहेको निरौलाले जानकारी दिएकी छिन् । महोत्सवमा नेपाल, भारत, भुटान, बंगलादेश रश्रीलंकाका चार सयभन्दा बढी लेखकहरुको सहभागिता रहने बताइएको छ।

महोत्सवको माध्यमले नेपाल र भारत तथा दक्षिण एशियाली देशहरूबीचको सांस्कृतिक संवाद, धार्मिक तथा साहित्यिक परिप्रेक्ष्य र दीर्घकालीन सम्बन्धलाई सुदृढ बनाउने विश्वास लिइएको छामहोत्सवमा साहित्य, सङ्गीत, नृत्य, कविता र अन्य कला विधाहरूको प्रदर्शनी गरिने बताइएको छ । 'काठमाडौं-केएफएलको पहिलो दुई संस्करण जस्तै, तेस्रो संस्करणमा नेपालको महान साहित्यिक, आध्यात्मिक, सांस्कृतिक परम्परा, अन्य पक्षहरू, सीता माता, शिव र बुद्ध तत्वको विषयबस्तु र यसको दक्षिण एशिया र विश्वव्यापी योगदानलाई विषय बनाइएको आयोजकले जानकारी दिएका छन् ।

कलिङ साहित्य महोत्सव भारतको पूर्वी भाग ओडिशाको भूवनेश्वरमा वार्षिक रूपमा आयोजना हुने सबैभन्दा प्रतिष्ठित अन्तर्राष्ट्रिय साहित्यिक महोत्सवहरूमध्ये एक हो। सन् २०२२ देखि कलिङ्ग लिटररी फेस्टिभलले यशस्वी प्रज्ञा प्रतिष्ठान, हिमालयन डायरी प्रा.लि. नेपालको सहकार्यमा वार्षिक काठमाडौं कलिङ साहित्य महोत्सव आयोजना गर्दै आएको बताइएको छायस सहकार्यले नेपाल-भारत तथा दक्षिण एशियाली मुलुकका बीच सांस्कृतिक संवाद, धार्मिक तथा साहित्यिक दृष्टिकोण र दीर्घकालीन सम्बन्धलाई सुदृढ बनाउने आयोजकले जनाएको छ।

# पाँच कृतिको विमोचन



ललितपुर/ पाँच साहित्यकारद्वारा रचित अंग्रेजी तथा नेपाली भाषाका कृति एकसाथ विमोचितभएका छन् ।

नेपाल हाइकु केन्द्र तथा साहित्य संचार नेपालद्वारा संयुक्त रुपमा आयोजित कार्यक्रममा ती पुस्तकहरुको विमोचन गरिएको हो । प्राध्यापक रामकुमार पाँडेको परम्परा कविता लेखनसँग सम्बन्धित अंग्रेजी पुस्तक, प्राध्यापक सीताराम अधिकारीको अंग्रेजी कविता संग्रह, डाक्टर यादव ढुंगाना तथा किशोरबज्र बज्राचार्यका सिँजो कविता तथा सावित्री रावलको हाइकु संग्रह विमोचन गरिएको थियो ।

सो विमोचन समारोहमा वरिष्ठ पत्रकार युवराज घिमिरेले भाषा साहित्यका साधकलाई उच्चकोटीको सम्मान रहने हुँदा त्यसकै मर्मलाई स्रष्टाले ग्रहण गर्नुपर्ने धारणा राखे । यसैगरी अर्का वरिष्ठ पत्रकार जिवराम भण्डारीले समाजमा भएको पीडा, उत्पीडन र विकृतिलाई साहित्यकारले खुलेर औंल्याउनुपर्ने धारणा राखेका थिए ।

यसैगरी साहित्यकारद्वय डा. मित्रबन्धु पौडेल र प्रमोद प्रधानले पुस्तकहरूको समिक्षा गर्दै अध्ययन र अनुसन्धानपछि मात्र साहित्य साधनमा लाग्न सकेमा गहन सिर्जना गर्न सकिने धारणा राखेका थिए ।

प्राध्यापक रामकुमार पाँडेले आगामी बैशाख ४ र ५ गते नेपालमा परम्परा कविता लेखन सम्बन्धि अन्तर्राष्ट्रिय सम्मेलन हुन लागेको जानकारी पनि गराए।


नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

सडक निर्माण गर्दा ठूलो धनराशी खर्च हुने भएकाले निर्माण सम्पन्न भइसकेको सडक संरचनामा प्रतिकुल असर पर्ने गरी देहायका कुनै पनि क्रियाकलाप नगरिदिनु हुन अनुरोध छ ।

- सडकको मापदण्ड विपरित स्थायी संरचना घर टहरा आदि निर्माण नगरौं ।
- सडक किनारमा निर्माण सामग्री नथुपारौं । सडक छेउको नालीमा फोहेर मैला नफालौं ।
- सडकमा पानी, ढल आदिको निकास बन्द गरौं । सडक किनारमा निजी/व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं ।
- सडक अतिक्रमण रोक्नु हरेक नगरिकको दायित्व हो । तसर्थ सडक अतिक्रमण नगरौं ।

हुलाकी सडक आयोजना निर्देशनालय

योजना कार्यालय, गोरुसिङ्गे, कपिलवस्तु

-योजना प्रमुख



भूकम्पमा कमजोर घर संरचना भत्केर जनधनको क्षति हुने गर्दछ । तसर्थ भूकम्प लगायत बहुप्राकृतिक प्रकोपहरुबाट हुन सक्ने जनधनको क्षतिको न्यूनीकरण गर्न दक्ष प्राविधिकहरुको सहयोग लिई भवनको नक्सा/डिजाइन तयार गरौं । साथै, भवन निर्माण गर्दा नेपाल राष्ट्रिय भवन संहिता २०६० र तोकिएको मापदण्ड पालना गरी भूकम्प प्रतिरोधी सुरक्षित भवन निर्माण गरौं । निर्माण कार्यमा दक्ष प्राविधिक, तालिम प्राप्त कालिगड तथा गुणस्तरीय निर्माण सामग्रीको प्रयोग गरौं ।

**स्थानीय स्तरमा पाइने निर्माण सामग्री र सोही अनुसारको प्रविधि प्रयोग गरेर पनि भूकम्प थेग्ने संरचना बनाउन सकिन्छ । यसका लागि राष्ट्रिय भवन संहितामा उल्लेख गरिए अनुसारको निर्माण पद्धति र प्रविधि अनुसरण गरौं, सुरक्षित निर्माणको सुनिश्चित गरी सुरक्षित रहने संस्कृतिको विकास गरौं ।**

नेपाल सरकार

शहरी विकास मन्त्रालय

शहरी विकास तथा भवन निर्माण विभाग

बबरमहल, काठमाडौं ।

फोन नं. ०१-४२६२३६५, ०१-४२४२४६६, ०१-४२६२३५७, ०१-४२६२९४५, ०१-४२६२९८४

इमेलः- dudbc@ntc.net.np, वेभसाइटः http:www.dudbc.gov.np






भूमिगत जलभण्डारको संरक्षण गरौं

- अव्यवस्थित शहरीकरण र औद्योगीकरणले जमिनमुनीको पानीको सतह घटिरहेको,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको,
- खेतीयोग्य जमिनमा सिंचाई हुन नसकेको र कृषि उत्पादन घटेकोलेः

भूमिगत जलस्रोतको पुनर्भरणको लागिः

- जलाधार क्षेत्रको संरक्षण गरौं,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं,
- शहरी क्षेत्रमा वर्षातको पानीमार्फत पुनर्भरणको विकल्प सहितका पूर्वाधार निर्माण गरौं,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोटविरुवा रोपौं,
- द्रुत जलप्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नवीन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जल भण्डारणमा वृद्धि गरौं ।

दिगो विकासमा योगदान गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


Chief-Editor/Publisher : **Koushal K. Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel,**
Marketing Manager: Devraj Acharya, Computer Designer: Roshan Gyeawali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Advisor : **Tika Yogi,** Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**